

रोकियो युनाइटेड... पृष्ठ ८



लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

ग्राहक प्रति

काठमाडौं, धरान र बुटवलबाट एकैसाथ प्रकाशित

लोकप्रिय राष्ट्रिय दैनिक राजधानी
ग्राहक बन्नु परेमा
नवीकरण गर्नु परेमा
ठेगाना परिवर्तन भएमा
र पत्रिका नियमित नआए
सिधा सम्पर्क 5546300, Ext: 112, 108

काठमाडौं । वर्ष १५, अंक २१४, काठमाडौं, बिहीबार ३० पुस २०७२, नेपाल संवत् ११३६ । www.rajdhani.com.np । Email rajdhaninews@gmail.com । RAJDHANI Nepali National Daily । Kathmandu, Thursday 14 January 2016 । पृष्ठ : ८ मूल्य रु. ५/-


# भूकम्पपीडितका घर जाडोपछि मात्रै !

**भीम गौतम / राजधानी**
काठमाडौं, २९ पुस



- तिनमहिने कार्ययोजना
- चैतदेखि नमुना, वैशाखदेखि व्यक्तिगत आवास
- दातृ निकायसँग समन्वय गर्न छुट्टै समिति

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले भूकम्पपीडितका लागि जाडोपछि मात्र नयाँ घर निर्माण सुरु गर्ने घोषणा गरेको छ । आवासको अभावमा जाडोका कारण धेरैको निधन र बिरामी परेको सार्वजनिक भइरहेको बेला जाडो सकिएलगत्तै बल्ल आगामी चैत महिनादेखि नमुनाका रूपमा र वैशाखदेखि व्यक्तिगत घर (आवास) निर्माण गर्ने घोषणा गरेको हो ।

पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुशील ज्ञवालीले आगामी चैतदेखि पाँच जिल्लामा नमुना तथा वैशाखदेखि प्रत्येक जिल्लाका कम्तीमा पाँच गाविस वा नगरपालिकामा व्यक्तिगत आवासहरूको निर्माण सुरु गर्ने लक्ष्यसहित तिनमहिने कार्ययोजना सार्वजनिक गरेका छन् ।

प्राधिकरणले कुनकुन जिल्लामा र कुनकुन क्षेत्रबाट आवास निर्माण गर्ने हो, त्यो भने सार्वजनिक भनेको गरेको छैन । 'आगामी चैतदेखि नमुनाका रूपमा आवासहरू बन्नेछन् तर कुनकुन जिल्ला र क्षेत्रमा तय गर्न बाँकी छ, छिट्टै तय हुन्छ,' प्राधिकरणका कायममुकायम सचिव मधुसूदन अधिकारीले भने ।

सीईओ ज्ञवालीले सार्वजनिक गरेको तिनमहिने कार्ययोजनामा प्राधिकरणको संरचना स्थापनादेखि कानुन र पाँचबर्से कार्ययोजना निर्माणसम्म समेटिएको छ । बुधबार प्रधानमन्त्री अध्यक्ष एवं सबै राजनीतिक दल र पूर्वप्रधानमन्त्रीसमेत रहेको पुनर्निर्माण प्राधिकरण परामर्श परिषद्को पहिलो बैठकमा उनले कार्ययोजना प्रस्तुत गरेका थिए ।

प्रस्तुत कार्ययोजनाअनुसार पहिलो चरणअन्तर्गत २ माघदेखि ११ फागुनसम्म महाअभियानको सुरुआतसँगै संगठन संरचना तयार गरी आवश्यक जनशक्तिको परिचालन गर्ने, कार्यालय स्थापना तथा बजेट व्यवस्थापन गर्ने, जिल्ला समन्वय समितिको गठन र सचिवालयको स्थापना गरिसक्ने उल्लेख छ । पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिले भूकम्पबाट विशेष प्रभावित १४ जिल्लालाई समेट्ने गरी ६ जिल्लामा उपक्षेत्रीय कार्यालय र बाँकी १७ जिल्लामा अर्को एक उपक्षेत्रीय कार्यालय स्थापना गर्ने निर्णय गरिसकेको छ ।

त्यसैगरी, १२ फागुनदेखि ११ चैत्रभित्र पुनर्निर्माणसम्बन्धी नीति, नियमावली तथा कार्यविधिहरूको कार्यान्वयन गर्ने, पुनर्निर्माण कार्यान्वयन अवधारणा सार्वजनिक गर्ने, केन्द्रीय कार्यालयहरूलाई जनशक्ति व्यवस्थापन र उपक्षेत्रीय कार्यालयहरूको स्थापना गरिसक्ने, प्रत्येक जिल्लामा सम्बद्ध जिल्लाका सरकारी कार्यालयहरू पुनर्निर्माण एकाइ/कार्यालयका स्थापना गरिसक्ने तथा सञ्चार केन्द्रको स्थापना तथा सञ्चार रणनीतिको सार्वजनिक गरिसक्ने उल्लेख छ । त्यसैगरी, आगामी १२ चैतदेखि ११ वैशाख २०७३ सम्म सबै जिल्लामा भवन तथा जनसांख्यिक सर्वेक्षण सुरुआत गरिसक्ने तथा कम्तीमा पाँच जिल्लामा नमुना आवास भवनको निर्माण सुरुआत गरिसक्ने कार्ययोजनामा उल्लेख छ ।

तत्कालीन कार्ययोजनामा चौथो चरणअन्तर्गत १२ वैशाखपछि सबै जिल्लामा विस्तृत भवन तथा जनसांख्यिक सर्वेक्षण सम्पन्न गरिसक्ने, प्रत्येक जिल्लाका कम्तीमा पाँच गाविस वा नगरपालिकाहरूमा व्यक्तिगत आवास निर्माण कार्य प्रारम्भ गर्ने, प्रत्येक जिल्लामा कम्तीमा दुई स्रोत केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने, प्रत्येक गाविस एक इन्जिनियर, सामाजिक परिचालक र एक तालिमप्राप्त निर्माणकर्मीको व्यवस्था गरिसक्ने लक्ष्य राखिएको छ ।

प्राधिकरणमार्फत पुनर्निर्माण अघि बढाउन चालु वर्षमा ४९ अर्ब ३३ करोड बराबरको बजेट स्वीकृत भइसकेको छ भने प्रशासनिक बजेट साढे २९ करोड तोकिसकिएको छ ।

भूकम्पपछिको पुनर्निर्माणका लागि गत १० असारमा सरकारले गरेको दाता सम्मेलनबाट ४ खर्ब ४० अर्ब बराबरको प्रतिबद्धता आएको सार्वजनिक भए पनि बुधबार परिषद्मा भने सीईओ ज्ञवालीले २ खर्ब १३ अर्ब ८० करोड ऋण र १ खर्ब ९७ अर्ब १५ करोड १९ लाख बराबरको अनुदानसहित ४ खर्ब १० अर्ब ९५ करोड १९ लाख रुपैयाँ मात्र प्रतिबद्धता आएको उल्लेख गरेका छन् । हालसम्म प्रतिबद्धताअनुसार ९५ अर्ब ६० करोड ७० लाख रुपैयाँ बराबरको सम्झौता सरकारले गरिसकेको छ । जसमा ८६ अर्ब ४१ करोड ऋण छ ।

ज्ञवालीका अनुसार आवास लगायतका पुनर्निर्माणका लागि ६० भन्दा बढी राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ/संस्थामार्फत २२ अर्ब परिचालन गर्न लागिएको छ । त्यसैगरी, प्रभावित जिल्लामा त्यस क्षेत्रका प्रतिनिधित्व गर्ने सांसदको संयोजकत्वमा प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारी रहेको जिल्ला समन्वय समिति, विकास साझेदार तथा दातृ निकायसँग समन्वय गर्न छुट्टै समन्वय समितिका साथै पुनरावेदन अदालतका बहालवाला न्यायाधीशको संयोजकत्वमा पुनरावेदन समितिको व्यवस्थासमेत गरिने प्राधिकरणले जनाएको छ ।

यसैबिच, बुधबार बसेको पुनर्निर्माण प्राधिकरण राष्ट्रिय परामर्श परिषद्को बैठकले परिषद्का लागि सांसदहरूको मनोनयनका जिम्मा प्रधानमन्त्री केपी ओलीलाई दिने निर्णय गरेको छ ।

(बाँकी पृष्ठ २ मा)

# सरकारी ढुकुटीमै थुप्रियो बजेट

**शिव दुवाडी / राजधानी**
काठमाडौं, २९ पुस

लक्ष्यअनुरूप खर्च गर्न नसकेपछि बजेटको ठुलो रकम सरकारी ढुकुटीमा थुप्रिएर बसेको छ । सरकारको बजेटरी खर्च प्रणाली नै प्रभावकारी हुन नसकेका कारण ठुलो रकम अनुत्पादक रूपमा सरकारी ढुकुटीमा थन्किएर बसेको हो ।

महालेखा नियन्त्रकको कार्यालयका अनुसार चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा सरकारी ढुकुटीमा ५९ अर्ब १३ करोड रुपैयाँ थुप्रिएको छ । तोकिएको समयमा सम्पन्न गरिनुपर्ने विकास निर्माण कार्य हुन नसक्दा यसरी ठुलो रकम त्यत्तिकै थन्किएर बसेको महालेखा परीक्षक राजेन्द्र प्रसाद नेपालले बताए ।

बजेटरी खर्च हुन नसकी सरकारी खातामा रकम थुप्रनुलाई अनुत्पादक रूपमा लिइन्छ । महालेखाको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०७२/७३ को अर्धवार्षिक अवधिमा जम्मा २१ प्रतिशत बजेटरी खर्च भएकोमा पुँजीगत (विकास) खर्चको हिस्सा जम्मा कुल खर्चको ६ प्रतिशत छ । सो अवधिमा चालु (तलब/भत्ता) तर्फ कुल खर्चको २१ र साँवा ब्याज भुक्तानीतर्फ २० प्रतिशत रकम खर्च भएको सो कार्यालयले जनाएको छ । सो तथ्यांकअनुसार समीक्षा अवधिमा १ खर्ब ७४ अर्ब रुपैयाँ मात्र बजेटरी खर्च भएको छ । त्यसमा पुँजीगत खर्च १४ अर्ब २० करोड, चालु खर्च १ खर्ब ३६ अर्ब र साँवा भुक्तानीमा २४ अर्ब ४६ करोड रुपैयाँ खर्च भएको हो । यस अवधिमा राजस्व संकलन पनि कुल लक्ष्यको २४ प्रतिशत अर्थात् १ खर्ब १४ अर्ब रुपैयाँमा सीमित रहेको छ ।

अर्थ मन्त्रालयका सहसचिव एवं बजेट महाशाखा प्रमुख रामशरण पुडासैनीले मन्त्रालयको निरन्तरको प्रयासका बाबजुद पनि लक्ष्यअनुसार बजेटरी खर्च हुन नसकेको स्वीकार गरे । 'पहिलो चौमासिकमा खर्च नगर्ने प्रवृत्ति पुरानै हो,' बजेट महाशाखा प्रमुख पुडासैनीले राजधानीसँग भने, 'त्यसमा यस वर्षको परिस्थितिले पनि सघायो ।'

यस्तो अवस्थामा सरकारले मुलुकको प्रतिरक्षाका लागि छोटो बाटोबाट काम सुरु गर्नुपर्ने बताए ।

अर्थविद् विश्वम्भर प्याकुर्‍यालले सरकारको कमजोरीपन, बहानाबाजी, कानुनी जटिलता, एक अर्को निकायबिच समन्वयको अभाव आदि कारणले बजेट खर्चको स्थिति कमजोर भएको बताए । उनले बजेटरी खर्च बढाउन नाकाबन्दी र बन्द हडताललाई बहाना नबनाई

## विकास खर्च न्यून

## बजेट खर्च तलबभत्तामै सीमित

## विज्ञ भन्छन्– बजेटको पुनःसंरचना गर

पछिल्ला केही वर्षयता लक्ष्यको तुलनामा बजेटरी खर्च कम हुने प्रवृत्ति बढेको स्वीकार गर्दै उनले खर्चलाई प्रभावकारी बनाउन भरपुर प्रयास गरिएको भए पनि एकपछि अर्को बहाना बनाउने मौका मिलेकाले खर्चमा सुधार गर्न नसकिएको बताए । 'यो वर्ष लक्ष्यभन्दा निकै कम मात्र बजेटरी खर्च भई ठुलो रकम अनुत्पादक रूपमा सरकारी ढुकुटीमा बस्नुमा प्रवृत्ति र परिस्थिति दुवै कारण बन्यो,' सहसचिव पुडासैनीले भने, 'अब बजेटको मध्यावधि समीक्षामार्फत हामी यो प्रवृत्तिमा सुधार ल्याउने गृहकार्यमा लागेका छौं ।' पूर्वअर्थ सचिव एवं अर्थविद् रामेश्वर खनालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणले बजेटरी खर्च न्यून भएको भन्दै त्यसमा सुधार गरी खर्च बढाउन अर्थमन्त्रीले हिम्मत गर्नुपर्नेमा जोड दिए । मुलुक अहिले सामरिक संकटमा परेको उल्लेख गर्दै पूर्वसचिव खनालले प्रस्ट योजनाका साथ सरकार अगाडि बढ्नुपर्नेमा जोड दिए । खर्च गर्न ऐनकानुन बाधक भए त्यसलाई फकाउन नाकाबन्दीले असर नगर्ने, संसद् भए पुग्ने उनको तर्क छ ।

मुलुकको प्रतिरक्षाका लागि सरकारले काम गर्दा ठेक्कापट्टा लगायतका कुनै पनि काम पूरा गर्नुनपर्ने र सिधै राष्ट्रिय सुरक्षाका कार्य अगाडि बढाउन सकिने कानुन भएको उनको भनाइ छ । यसका लागि अर्थमन्त्रीले ठाडो प्रस्ताव अगाडि बढाउनुपर्ने सुझाव खनालले दिए । उनका अनुसार बजेटरी खर्च पनि बढ्ने र मुलुकको आर्थिक एवं प्रतिरक्षात्मक प्रणाली पनि मजबुत बनाउन उत्तरतर्फ किमाथांका वा कोरामध्ये एक नाका खोल्ने, रसुवागढी नाकालाई दोहोरो लेनको बनाउने, विदेशी सहयोग नकुरी सिमरा विमानस्थलको कार्य अगाडि बढाउनेलगायतका कार्य गर्नुपर्दछ ।

(बाँकी पृष्ठ २ मा)

## ११ खेलपछि नेपालको जित

**ढाका / एजेन्सी–** कबिर तीन बर्ष पछि नेपाली फुटबल टिमले अन्तर्राष्ट्रिय स्पर्धामा जित निकालेको छ ।

बुधबार बंगलादेशमा जारी रहेको बंगबन्धु गोल्डकपममा नेपालले श्रीलंकाविरुद्ध १-० ले हराउँदै भारतमा केहि समय अघि भारतमा सम्पन्न भएको साफ च्याम्पियनसिप भोगेको हारको बदला समेत लिएको छ ।

साफ च्याम्पियनसिपको समूह चरणको खेलमा श्रीलंकाले नेपाललाई १-० ले हराएका थिए । नेपालका लागि विमल घर्तिमगरले खेलको चौथो मिटनमा नै गोल गर्दै जित दिलाए । यस अघि मलेसियाको फेल्डा क्लबसँग भएको खेलमा नेपाल पराजीत भएको थियो ।

विस्तृत पृष्ठ ८ मा

## मोर्चाप्रति सरकारको रणनीति

# थकाउने र फकाउने

**राजधानी समाचारदाता**
काठमाडौं, २९ पुस

आन्दोलरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चासँगको निरन्तरको सरकारी वार्ता 'निर्णायक' नबनेपछि प्रश्न उब्जिएको छ, हलो कहाँ अड्किएको छ ?

सरकार र मोर्चाबिच आरोप-प्रत्यारोपको शृंखला लगभग रोकिएको मात्रै होइन, दुवै पक्ष 'रिजर्भ'मा बसेकाले वार्ता निष्कर्षनजिक पुगिसकेको सहजै अनुमान गर्न सकिन्छ । माग सम्बोधनका लागि गठित संयुक्त कार्यदलको पछिल्ला दुई बैठकमा सरकारी पक्षको अनुपस्थितिपछि भने सरकार मोर्चालाई बिस्तारै थकाएर फकाउने 'रणनीति'मा लागेको प्रतीत हुन थालेको छ ।

कार्यदलमा मोर्चाको ११ बुँदे माग प्याकेजमै सम्बोधन हुने गरी छलफल केन्द्रित हुँदै आएको बताउने गरिएको छ । पछिल्ला दिनमा अहिलेसम्म कार्यदलबिच भइसकेका सहमतिको विषय पनि स्पष्टसँग बाहिर आइसकेको छैन । सरकारमा सहभागी दल एमाले र एकीकृत नेकपा माओवादीका नेताहरूले केही विषयमा पहिले पार्टी शीर्ष तहमा छलफल गरेपछि मूर्त रूपमा लिखित प्रस्ताव ल्याउने भने पनि चार दिनयता सो प्रस्ताव कार्यदलमा सहमतिका लागि प्रस्तुत हुन सकेको छैन । 'अहिलेसम्म ११ बुँदेमै छलफल भइराखेको छ, सकारात्मक पक्ष यति मात्रै हो, नयाँ कुरा केही छैन,' मोर्चाका नेता तथा संघीय समाजवादी फोरम नेपालका सहअध्यक्ष राजेन्द्र श्रेष्ठले भने, 'हामीले उहाँहरूसँग सबै एकै पटक सम्बोधन गर्ने गरी साझा लिखित ठोस धारणा मागेका हौं तर अहिलेसम्म प्रस्तुत भइसकेको छैन ।'

स्रोतका अनुसार ११ बुँदे मागमध्ये लगभग सबैमा कार्यदलबिच सहमति भइसकेको छ । तर, मोर्चाको तर्फबाट तराई मधेसमा दुई प्रदेश हुने गरी सीमांकन हेरफेर गर्ने राजनीतिक प्रतिबद्धतासहित राजनीतिक समिति बनाइनुपर्ने अडानपछि सरकार र तिन दल वार्ता निष्कर्षमा पुग्न नसक्नेमा सशंकित छन् । यी लगायतका विषय शीर्ष तहमा छलफल गरेर बिहीबार पुनः कार्यदल बस्ने भनिए पनि बैठक बस्न सकेन ।

मोर्चाका नेताहरूले भने सीमांकनका सम्बन्धमा अहिले नै राजनीतिक समझदारी गर्ने, बाँकी प्राविधिक विषय पछि राजनीतिक समितिमार्फत तिन महिनाभित्र मिलाउन सकिने प्रस्ताव राखेका थिए । अघिल्लो संविधानसभामा राज्य पुनःसंरचना समितिको प्रतिवेदन, उच्चस्तरीय आयोगको दुवै प्रतिवेदनलाई आधार मानेर मधेसमा दुई प्रदेशसहित हुने गरी सीमांकन हेरफेर गर्नुपर्ने मोर्चाको पछिलो मागलाई तिन दलले अस्वीकार गरेका थिए ।

(बाँकी पृष्ठ २ मा)

# कठ्यांग्रिँदो जाडोमा नांगै खुट्टा विद्यालय

**राधेश्याम खतिवडा / राजधानी**
चितवन, २९ पुस



सर्टमा टाँक छैन । जुत्ताचप्पल त टाढाको कुरा हुन्छ, चेपाङ बालबालिकाका लागि । तुसारोले ढाकेको डाँडापाखामा खाली खुट्टा हिँडिरहेका साना बालबालिकाको शरीर चिसोले थरथर कामेको टाढैबाट देखिन्छ ।

च्यातिएको कपडा लगाएर खाली खुट्टामा विद्यालय धाउनु उनीहरूको बाध्यता हो । चिसोले पटपटी फुटेका खाली खुट्टामा ती बालबालिका हरेक दिन कक्षा सुरु हुनुभन्दा अगाडि लाइनमा बसेर नेपालको राष्ट्रिय गान गाउँछन् ।

यस्ता दृश्य चितवनका पहाडी गाविसका विकट क्षेत्रमा रहेका प्राथमिक विद्यालयमा हरेक दिन देखिन्छ । दुई घन्टासम्म टाढाबाट आउजाउ गर्ने केटाकेटी धेरै छन् ।

ठूला कक्षाका विद्यार्थीको खुट्टामा सामान्य चप्पल देखिए पनि साना कक्षामा पढ्ने विद्यार्थीले भने जुत्ता चप्पल लगाएको पाइँदैन ।

पहाडी क्षेत्रमा आवतजावत गर्दा भिरको बाटो हिँड्नुपर्ने भएकाले पनि अभिभावकहरू छोराछोरी चिप्लेर लड्लान भनेर चप्पल किनिदिँदैनन् ।

त्यसो त कतिपय अभिभावकसँग जुत्ता चप्पल किन्ने पैसासमेत हुँदैन । स्थानीय शिक्षकका अनुसार पहाडी क्षेत्रमा बस्ने चेपाङ समुदाय आफैंमा गरिबीका कारण समस्यामा छन् । बिहानबेलुका छाक टार्न समस्यामा रहेका चेपाङ समुदायका लागि कपडा, जुत्ताचप्पल लगाउन चाड पर्व नै कुर्नुपर्ने बाध्यता छ । चण्डी भन्ज्याङ गाविसमा रहेका अधिकांश विद्यालयमा पढ्न आउने चेपाङ समुदायका विद्यार्थीहरू खाली खुटा विद्यालयमा आउने गरेको चण्डीभन्ज्याङ गाविसमा अध्यापन गराइरहेका शिक्षक दानबहादुर गुरुङले बताए ।

आर्थिक समस्याका कारण नै उनीहरू खाली खुट्टा विद्यालय आउन विवश भएको उनले बताए । ठुला कक्षामा पढ्ने विद्यार्थीले करैले जुत्ताचप्पल लगाए पनि साना कक्षामा पढ्न विद्यालय आउने बालबालिका खाली खुट्टा नै विद्यालय आउने गरेको उनले बताए ।

शिक्षक गुरुङ भन्छन्, 'जाडो मौसममा यस क्षेत्रका प्राविमा पढ्ने विद्यार्थीलाई सामान्य चप्पल मात्र सहयोग हुने हो भने ठुलो राहत हुने अवस्था छ ।' विभिन्न संघ/संस्थाले गर्ने सहयोग यतायातको पहुँच नजिक मात्र भएका कारण पुग्नुपर्ने स्थानमा पुग्न नसकेको उनले बताए ।

(बाँकी पृष्ठ २ मा)




# मधेस आन्दोलनले साझेदार संस्थाको काम पनि रोकियो

**तुलसी भण्डारी/राजधानी**
वीरगन्ज, २९ पुस

शिक्षा, स्वास्थ्य र विकासका काममा समेत प्रत्यक्ष असर पर्ने गरी पाँच महिनादेखि भइरहेको मधेस आन्दोलनका कारण पर्साका विकास साझेदार संस्थाको सहयोगमा सञ्चालित सबै कार्यक्रम रोकिएका छन्।

जनताको अधिकार भन्दै मधेसमा जारी आन्दोलनका कारण पर्सामा सञ्चालित शिक्षा, स्वास्थ्य र सरसफाइलगायत विकास साझेदार संस्थाको सहयोगका सबै कार्यक्रम रोकिएका छन्। पर्सास्थित डिबाससिसिको समन्वयमा २०१५ भित्रमा पर्सा जिल्लालाई खुल्ला दिसामुक्त जिल्ला बनाउने गरी काम हुँदै थियो। तर, आन्दोलन अघि तीव्र रूपमा चलिरहेको खुला दिसामुक्त घोषणा अभियान आन्दोलनपछि पूर्ण रूपले रोकिएको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय पर्साका इन्जिनियर तथा स्वच्छता समन्वय समितिका रामहित यादवले राजधानीसँग बताए। यसैगरी, विद्यालय क्षेत्र सुधार कार्यक्रम पनि आन्दोलनका कारण निस्प्रभावी भएको जिल्ला शिक्षा कार्यालय पर्साले जनाएको छ।

**आन्दोलनमा सबैभन्दा बढी शैक्षिक क्षेत्र प्रभावित भएको युनिसेफ पर्साका योजना तथा कार्यक्रम अधिकृत माधव बरालले बताए ।**

जारी मधेस आन्दोलन उग्र बन्न थालेपछि प्रहरीले हस्तक्षेप गर्दा त्यसलाई प्रहरी दमन भन्दै भारतीय इसारामा आन्दोलन गरिरहेका मधेसी दलहरूले आन्दोलनलाई अझ हिंसात्मक बनाउन थालेपछि पर्सामा सञ्चालित विकास निर्माणका सबै कार्यक्रम ठप्प प्रायः रहेको स्थानीयको दाबी छ। आन्दोलनका कारण राज्यका नियमनकारी निकायका प्रमुखहरू कार्यालयमा बस्न नसक्दा पनि विकास साझेदार संस्थाहरूको सहयोगमा सञ्चालित कार्यक्रम सबै प्रभावित भएको जिल्ला विकास समिति पर्साका एक जिम्मेवार अधिकृतले बताए।

आन्दोलनमा सबैभन्दा बढी शैक्षिक क्षेत्र प्रभावित भएको युनिसेफ पर्साका योजना तथा कार्यक्रम अधिकृत माधव बरालले बताए। 'मधेस आन्दोलनले सबै क्षेत्र प्रभावित भएको छ तर हाम्रो विशेष ध्यान भने बालबालिकाको अधिकारप्रति केन्द्रित रहेको छ। विद्यालय बन्द हुँदा उनीहरूले सहज वातावरणमा पढ्न पाएका छैनन्।' उनले भने, 'अहिले पनि सबै सार्वजनिक यातायातका साधन चलेका छन्।

तर, विद्यालयको बस सञ्चालनमा आउन सकेको छैन, यसबाट पनि धेरै बालबालिका विद्यालयमा पढ्न जान पाएका छैनन्। यसले बाल अधिकारसमेत हनन भएको छ, उनले थपे।' वातावरण सहज हुँदै गएकाले विद्यालयका बसहरू पनि सञ्चालन गर्ने वातावरण सृजना हुनुपर्ने र त्यसका लागि आन्दोलनकारी दलका स्थानीय नेताहरू र सबै सरोकारवाला पक्ष सचेत बन्नुपर्ने स्थानीय बुद्धिजीवीले समेत बताएका छन्।



*नेपाली सेनाले गोरखा जिल्लाको केरौजा गा.वि.स. स्थित केरौजागाउँमा चिसोद्वारा प्रभावित भूकम्पपीडित स्थानीय बासिन्दाका लागि आयोजना निःशुल्क स्वास्थ्य जाँच गर्दै सेनाका चिकित्सक।* **तस्बिर सौजन्य : सैनिक जनसम्पर्क निर्देशनालय**

## छोटकरी

### प्रेस चौतारी बर्दियामा गौतम

**बर्दिया/रास–** प्रेस चौतारी नेपाल बर्दियाको अध्यक्षमा डिलप्रकाश गौतम सर्वसम्मत चयन भएका छन्। मंगलबार सम्पन्न जिल्लाको सातौँ अधिवेशनले गौतमलाई अध्यक्ष पदमा सर्वसम्मत चयन गरेको हो।

यसैगरी, उपाध्यक्षमा जनक चौधरी, सचिवमा यज्ञप्रसाद सापकोटा, सहसचिवमा सरस्वती लामिछाने र कोषाध्यक्षमा दलबहादुर सुनार चयन भएका छन्। सदस्य पदमा क्रमशः दिलीप लम्साल, सरम चौधरी, बलराम उपाध्याय, प्रभात सुवेदी, जोधीराम थारू, राजकुमार विक, मीना थारू र दिनेश ठाकुर सर्वसम्मत निर्वाचित भएका छन्।

यसैगरी, अधिवेशनबाट सुदीप अधिकारी, मानबहादुर थारू, मुकुन्द सुवेदी र सरस्वती लामिछाने केन्द्रीय पार्षदमा सर्वसम्मत चयन भएका छन्।

### जथाभावी नबोल्ने आग्रह

**स्याङ्जा/रास–** नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री गोपालमान श्रेष्ठले प्रधानमन्त्री केपी ओलीलाई जथाभावी नबोल्न आग्रह गरेका छन्।

स्याङ्जाको वालिङ नगरपालिकाको १९औं नगरपरिषद् उद्घाटन गर्दै नेता गोपालमान श्रेष्ठले राष्ट्रिय संकट परेका बेला सबै दललाई एकै ठाउँमा ल्याउनु पर्ने सरकारको दायित्व भए पनि प्रधानमन्त्री हल्का तवरले अघि बढेको बताए। 'भाषण गर्न सबैले जानेका छन्।' नेता श्रेष्ठले भने, 'मुलुकलाई निकास दिनेतर्फ सरकार लाग्ने हो कि जे पायो त्यही बोल्ने हो।'

कांग्रेसले प्रतिपक्षको महत्त्वपूर्ण भूमिका निर्वाह गरेको दाबी गर्दै व्यवस्थापिका सांसद्समेत रहेका श्रेष्ठले प्रधानमन्त्रीजस्तो गरिमामय पदमा रहेर हल्का नबोल्न पटक पटक आग्रह गरे।

# प्रहरी र तस्करबिच गोली हानाहान

**राजधानी संवाददाता**
महेन्द्रनगर, २९ पुस

कन्चनपुरको बेलौरी नगरपालिकाअन्तर्गत पर्ने पहुँच क्षेत्रमा नेपाल प्रहरी र भारतीय तस्करहरूबीच गोली हानाहान भएको छ।

मंगलबार साझा इलाका प्रहरी कार्यालय बेलौरीबाट सादा पोसाकमा खटिएका प्रहरी र पाँच/६ जनाको समूहमा रहेका भारतीय तस्करबिच गोली हानाहान भएको हो। तस्करहरूले पहिले फायर खोलेपछि प्रहरीले जवाफी फायर गरेको प्रहरीले जनाएको छ। घटनास्थलबाट प्रहरीले एक थान नलकटुवा पेस्तोलसहित पञ्जाबी मूलका एकजना भारतीय तस्करलाई पक्राउ गरेको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी उपरीक्षक तुलसी अधिकारीले भारतको पिलीभित जिल्ला हजारा थानाअन्तर्गत घर भएका २० वर्षीय पालु सिंहलाई पक्राउ गरिएको जानकारी दिए। प्रहरीले पक्राउ परेका सिंहबाट एक थान नलकटुवा पेस्तोलसहित एक राउन्ड गोली र एक किलो ७ सय ग्राम चरेस बरामद गरेको छ। सो तस्कर समूह नेपालबाट घरपालुवा जनावरहरू चोरीतस्करी गर्नमा सक्रिय रहेको र सुराकीको आधारमा प्रहरी सो क्षेत्रमा जाँदा घटना भएको प्रहरी उपरीक्षक अधिकारीले बताए। नलकटुवा र चरेससहित पक्राउ परेका तस्करलाई इलाका प्रहरी कार्यालयले मंगलबार राति नै जिल्ला प्रहरी कार्यालयको जिम्मा लगाएको छ। पक्राउ परेका तस्कर सिंहलाई बुधबार जिल्ला अदालतमा पेस गरिएको र उनीमाथि हातहतियार तथा खरखजाना र लागूऔषध ओसारपसारसम्बन्धी मुद्दा चलाइने प्रहरी उपरीक्षक अधिकारीले बताए।

# वनस्पति पार्क गुरुयोजना तयार

**राजधानी संवाददाता**
रूपन्देही, ४ मंसिर

रूपन्देही र पाल्पाको संगमस्थल सिद्धबाबा क्षेत्रमा बोटानिकल पार्क बनाउने पञ्च वर्षीय योजना पारित भएको छ। सिद्धबाबा क्षेत्रलाई रामापिथेकस वनस्पति उद्यान बनाउन नेपाल सरकार वनस्पति विभागले उद्यानको गुरुयोजना स्वीकृत गरेको हो।

रूपन्देही र पाल्पाका पार्क निर्माणमा क्रियाशील चारओटा संस्थाले बुधबार बुटवलमा पत्रकार सम्मेलनको आयोजना गरी गुरुयोजना तयार भएको जानकारी गराउँदै नेपालमै नमुना वनस्पति पार्क निर्माण हुनु लुम्बिनीवासीकै गौरव भएको बताएका छन्।

मानव पुर्खाका रूपमा मानिँदै आएको रामापिथेकसको बंगारा फेला परेको क्षेत्रमा रहेका जडीबुटी, जनावर र रूखबिरुवाको संरक्षण गर्ने गरी वनस्पति पार्क बनाउन लागिएको हो।

चुरे क्षेत्रका वनस्पतिको संरक्षण र रामापिथेकसको इतिहाससमेत जीवित राख्ने उद्देश्यले पार्क निर्माणको काम भइरहेको रामापिथेकस क्षेत्र विकास तथा उपभोक्ता समितिका रूपन्देही-पाल्पाका अध्यक्ष रामबहादुर कार्कीले बताए। उनले अहिले वनस्पति विभागबाट ५० लाख रुपैयाँ बजेट परेको बताए।

यो पार्क बनेमा सन् १९८३ मा फेला परेको रामापिथेकसको अवशेषलाई आधार बनाएर रूपन्देही र पाल्पाको सीमा क्षेत्रमा पर्ने सिद्धबाबामा पार्क बन्नेछ। बुटवलको चिडिया खोलादेखि पाल्पाको दोभानसम्मको क्षेत्रलाई समेटेर सुन्दर पर्यटकीय क्षेत्र बनाउन लागिरहेको बेला वनस्पति विभागबाट समेत बजेट परेपछि उत्साही भएको सिद्धबाबा धाम विकास समितिका अध्यक्ष लकुशकुमार श्रेष्ठले बताए।

यस्तै, समितिका अध्यक्ष बुद्धबहादुर बस्नेतले लोपोन्मुख प्रजातिका बिरुवाको संरक्षण गरी 'इको टुरिजम'का रूपमा विकास गर्ने दीर्घकालीन योजना रहेको उनले बताए।

# आन्दोलनलका कारण भारत जाने विद्यार्थी बढे

**कोकिला ढकाल/राजधानी**
इलाम, २९ पुस

नेपालमा पटकपटक भइरहने बन्द हडतालजस्ता आन्दोलनले पठनपाठन अवरुद्ध भएपछि अध्ययनका लागि नेपाली विद्यार्थी भारतका विद्यालय र क्याम्पसमा जाने क्रम बढेको छ। पश्चिम बंगालका दार्जिलिङ कालेपोङ्ङ, कर्साङ, सुकिया, मिरिकलगायतका क्षेत्रमा नेपाली विद्यार्थी दिनहुँ जाने गरेका छन्। साना नानीहरूलाई पनि उतै पठाउने गरिएको पशुपतिनगरका मिलन क्षत्रीले बताए। 'गोर्खाल्यान्ड आन्दोलन हुँदा धेरै विद्यार्थी पढाइ छाडेर नेपाल फर्किएका थिए।

अहिले पुनः धेरैको संख्यामा विद्यार्थी जान थालेका छन्।' क्षत्री भन्छन्, 'यताका विद्यालयमा बन्द र आन्दोलनको सामना र वर्षौंदेखि परिवर्तन हुन नसकेको शिक्षा नीतिका कारण पनि विद्यार्थी यसरी बाहिरिएका हुन्।' सर्वसाधारणका मात्र होइन, शिक्षक र सरकारी कर्मचारीकै छोराछोरी पनि विद्यालयस्तरको पढाइका लागि भारत जाने गरेको क्षत्री बताउँछन्। उनका अनुसार अधिकांश शिक्षकका छोराछोरी बोर्डिङ जान्छन्। बाँकी केहीका भारत नै जाने गरेको उनी बताउँछन्।

पशुपतिनगर बजारभित्र रहेको निम्न माध्यमिक विद्यालयमा भने अत्यन्तै न्यून आय हुने सर्वसाधारणले मात्र छोराछोरी पठाउने गरेका छन्। यस्तै, पशुपतिनगर बजारनजिकै रहेको बौद्धधाम माविमा पनि विद्यार्थीको संख्या घट्दो छ।

यता, पूर्वी सीमावर्ती क्षेत्र पशुपतिनगर र आसपासका स्थानसहित धरान, विराटनगर, काठमाडौं, पोखरादेखिका पहाडी जिल्ला पाँचथर, ताप्लेजुङ, धनकुटा, झापासमेतका विद्यार्थीहरू अध्ययनकै लागि भारतको पश्चिम बंगालको दार्जिलिङस्थित सेन्टजोसेफ कलेजको सेन्टजोसेफ नर्सप्वाइन्ट जाने गरेका छन्।



नेपालका सीमा क्षेत्रभन्दा टाढाका विद्यार्थीका लागि पछिल्लो सयम पश्चिम बंगालका कलेजहरू रोजाइमा पर्ने गरेका छन् भने सीमानजिकका विद्यार्थीलाई नर्सरी कक्षादेखि नै अभिभावकले भारत पठाउने गरेका छन्। भारतीय विद्यालयका गाडीले बिहान घरमै आएर विद्यार्थी लैजाने र बेलुका घरसम्म ल्याइदिने गरेकाले ससाना नानीहरूलाई पनि सजिलो भएको ती अभिभावक बताउँछन्।

आफ्ना दुई छोराछोरी मिरिकस्थित एक विद्यालयमा पढाउँदै आएकी पशुपतिनगरकी सविना खड्काले एकजनाबराबर मासिक ३ हजार भारतीय रुपैयाँ खर्च हुने गरेको बताउँछिन्। माथिल्लो कक्षामा पुगेका अधिकांश विद्यार्थीलाई भने महँगो शुल्क तिरेर पनि विद्यालयकै छात्रावासमा राख्ने गरिएको छ। खड्काले भनिन्, 'नेपालमा भइरहने बन्दको पीरले मिरिक पठाइयो, खर्च अलि बढी लाग्छ तर खर्चभन्दा नानीहरूको पढाइ नै ठूलो हो।' पश्चिम बंगालको पहाडसँग नेपालीहरूको पारिवारिक सम्बन्ध गाँसिएकाले पनि नेपाली विद्यार्थीहरूको ठूलो हिस्सा त्यस क्षेत्रमा रहेको पशुपतिनगरका अर्का स्थानीय कमल गदाल बताउँछन्।

'धेरैको माइती, मावली, ससुराली, छोरीचेली भान्जाभान्जी नेपाल भारत दुवैतर्फ हुँदा पनि पश्चिम बंगालमा धेरै नेपाली विद्यार्थी अध्ययन गर्ने गरेका छन्।' गदालले भने, 'पहिलो कुरा त नेपाली शिक्षा शैक्षिक जनशक्ति उत्पादन गर्ने तर रोजगारीका लागि खाडी राष्ट्र जानुपर्ने बाध्यताले पनि भारतीय शिक्षामा नेपाली विद्यार्थी केन्द्रित भएका हुन्।'


Government of Nepal
Ministry of Federal Affairs & Local Development
Department of Local Infrastructure Development and Agricultural Roads
(DoLIDAR)

**Invitation for Bids**
**For the Construction of Local Road Bridges**

**Bid Invitation Notice No: 01/LRBP/072-73**
First date of notice publication: Jan 14, 2016 (Poush 30, 2072)

1. The Government of Nepal (GoN) has allocated funds towards the construction of Local Road Bridges at different districts and intends to apply part of the funds to cover eligible payments under the Contracts for **Bridges Construction as mentioned below in the table**. Bid is open to all eligible Bidders.
2. Bidders may bid for one or several contracts, as further defined in the bidding document. Bidders wishing to offer discounts / cross discounts in case they are awarded more than one contract will be allowed to do so provided those discounts are included in the **Letter of Bid**.
3. The **Department of Local Infrastructure Development and Agricultural Roads (DoLIDAR), Local Bridge Section** invites sealed bids submitted manually or electronic bids from eligible contractors for the construction of Local Road Bridges as mentioned below in the table under National Competitive Bidding procedures.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **DoLIDAR, Local Bridge Section, Shreemahal, Pulchowk, Lalitpur** or may visit **PPMO's website www.bolpatra.gov.np**.
5. A complete set of Bidding Documents may be purchased from the **Local Bridge Section or Suspension Bridge Division, DoLIDAR Shreemahal, Pulchwok, Lalitpur** by eligible Bidders on the submission of a written application along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of amount as mentioned in the table till Feb. 12, 2016 (Magh 29, 2072)
6. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost of bid document in the Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of Bank:** Nepal Bank Limited, Gabahal Branch
   **Deposit Account No:** 180-41-2440
   **Account Operating Office:** DTCO, Lalitpur
   **Office Code No:** 28-365-04
   **Amount to be deposited in the name of** Department of Local Infrastructure development and Agricultural Roads (DoLIDAR)
   **Rajaswa (revenue) Shirshak No:** 14227
7. Pre-bid meeting shall be held at the office of DoLIDAR, Local Bridge Section, Shreemahal, Pulcbowk, Lalitpur at 14:00 hrs on Feb. 01, 2016 (Magh 18, 2072)
8. Sealed or electronic bids must be submitted to the office of DoLIDAR, Local Bridge Section, Shreemabal, Pulchowk, Lalitpur by hand/courier or through PPMO website www.bolpatra.gov.np on or before 12:00 hrs on Feb. 14, 2016 (Falgun 02, 2072). Bids received after this deadline shall not be accepted. The bids shall be opened physically and electronically in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs on the same day at same place.
9. Bids must be valid for a period stated in the table and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as mentioned in the table below. The bid security shall be valid for 30 days beyond the validity period of the bid. Information regarding the Bid Security deposit in the Bank;

   **Name of the Bank:** Nepal Bank Ltd. Gabahal, Lalitpur
   **Deposit Account No:** 0180-51-0016856
   **Account Operating Office:** DTCO, Lalitpur
   **Office Code No:** 28-365-04
   **Amount to be deposited in the name of** Department of Local Infrastructure development and Agricultural Roads (DoLIDAR)
10. If the last date of purchasing and/ or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of me bid security shall remain the same as specified for the original last date of bid submission.
11. Bidders are advised to visit the sites and assess the actual site condition before submitting their bid.
12. All the rules and regulations shall be according to the Laws of Nepal. DoLIDAR reserves the right to accept or reject wholly or partially or all the bids without assigning any reasons whatsoever.
13. The summary of contracts are as given below in Table;

| Contract No. | Contract Name | Cost of Bid Doc. | Bid Validity | Bid Security / Validity |
|---|---|---|---|---|
| 12/LRBP/NCB/ Seti (Jhanana)/ 072-73 | Construction of Seti River Bridge, (Jhanana) Chainpur-Dipayal Road | NRs. 6000.00 | 120 (One hundred Twenty) Days | 2,935,000.00 NRs, till July 12, 2016 |
| 13/LRBP/NCB/ Bagmati/072- 73 | Construction of Bagmati River Bridge, Khokana-Saukhel Road | NRs. 5000.00 | 90 (Ninety) Days | 2,190,000.00 NRs, till June 12, 2016 |

**Local Bridge Section**
**DoLIDAR, Shreemahal**
**Pulchwok, Lalitpur Nepal**


C M Y K

## सम्पादकीय

# सरकारी सेवा चुस्त बनाऊ

मधेसी मोर्चाको आन्दोलनले पाँच महिनादेखि बन्द बजार खुले पनि सरकारी कार्यालय नखुल्दा सर्वसाधारणले कलैया खुला भएको महसुस गर्न पाएका छैनन् । तराईमा आन्दोलनरत दल, उद्योगी, यातायात व्यवसायी एवं स्थानीयको आग्रहमा बजार खुले पनि कतिपय सरकारी कार्यालय अझै नखुलेको कारण महिनौंदेखि सरकारी कामकाजका लागि कुरेर बसेका दिक्क छन् । कुनै पनि जिल्ला वा स्थानमा कुनै पनि राजनीतिक दलले सभ्य आन्दोलन गर्न पाउँछन् तर त्यस्ता दल वा अन्य कुनै शक्तिले आन्दोलन गरिरहँदा पनि आम सर्वसाधारणले राज्यबाट प्राप्त गर्ने सेवाको निरन्तरका लागि सरकारको उपस्थिति सशक्त हुनुपर्छ ।

सरकारको सशक्त उपस्थिति भन्नुको अर्थ आन्दोलन भएको स्थानमा स्थानीयको सुरक्षाका लागि सुरक्षाकर्मीको उपस्थिति हुन जरुरी छ भने अस्पताल चौबिसै घन्टा खुल्ने वातावरण बनाउनुपर्छ । जुनसुकै बहानामा पनि विद्यालय बन्द गरिनुहुन्न । तर, अहिले नेपालको तराई क्षेत्रको स्थिति भयाबह छ । अस्पतालहरू जेनतेन सञ्चालन भए पनि अझै कतिपय स्थानमा विद्यालय खुल्न सकेका छैनन् । जब विद्यालय एवं अस्पतालकै स्थिति नाजुक छ भने अन्य सरकारी कार्यालयको हालत के होला सहजै अनुमान गर्न सकिन्छ । यसो भन्दैमा सरकारले सुख पाउँदैन । कलैयालगायत आन्दोलन भएको कुनै पनि स्थानमा भएका सबै सरकारी कार्यालय खुल्नुपर्छ भने दैनिक कामकाजका लागि आएका सर्वसाधारणका काम समयमै सकिनुपर्छ । तर, कलैयावासीलाई सिंहदरबारले हेपेको महसुस भएको छ, अहिले । आन्दोलनकारी आन्दोलनलाई सभ्य बनाउने अभियानमा छन् । यातायात व्यवसायी यातायात सञ्चालन गर्ने पक्षमा छन् तर सरकार आफ्नो उपस्थिति देखाउन सकिरहेको छैन । जबकि अन्य यातायात बन्द हुँदा वा अन्य निजी क्षेत्रका व्यवसायीले काम गर्न सक्दैनौंभन्दा पनि सरकारले सञ्चालन गर्नका लागि उत्प्रेरणा जगाउने काम गर्नुपर्थ्यो तर हाम्रो सरकार अहिले त्यसो गर्न सकिरहेको छैन ।

कलैयावासी सहज जीवनयापनको खोजीमा छन् । निजी क्षेत्रबाटै सञ्चालित कलकारखाना खुले, विद्यालय सञ्चालन गरे तर सरकारकै उपस्थिति देखेनन् भने सिंहदरबारमा बस्नेहरूलाई गाली गर्नुको उपाय हुन्न उनीहरूसँग । मधेस आन्दोलनको कारण काठमाडौंमा ग्यास, पेट्रोलको हाहाकार देख्ने सरकारले कलैयाका सर्वसाधारणले भोगेको समस्यासँग पनि साक्षात्कार गर्नुपर्छ । त्यहाँ पनि ग्याँस र पेट्रोलको अभावमा कष्टकर दैनिकी झेल्न विवश नागरिक धेरै छन् भनेर बुझ्न जरुरी छ । आन्दोलनकारीले सकेसम्म आफ्नो क्षेत्रका जनतालाई सरकारविरुद्ध भड्काउन खोज्छन् । यस्तो अवस्थामा सरकारसमेत 'जेसुकै गर' भनेर बस्छ भने आमसर्वसाधारणको मन कुँडिन्छ । आन्दोलन वा अन्य कुनै बहानामा सरकार उपस्थिति जनाउनबाट सरकार भाग्नु हुँदैन । जनताका दैनिक कार्यसँग जोडिने जिल्ला प्रशासन, मालपोत लगायतका कार्यालय सञ्चालन गराउने र गर्न नखोजनेलाई कारबाहीको दायरामा ल्याउन ढिला गरिन हुन्न ।

# राष्ट्रिय स्वाधीनताका लागि माओवादी एकता



■ प्रा.डा. गोपाल सिवाकोटी

वर्तमान अवस्थामा मुलुक इतिहासमै सबैभन्दा संकटपूर्ण अवस्थामा पुगेको छ । देशको राजनीतिक अवस्था अन्योलको भूमरीमा फसेको छ । भूकम्पपीडित जनता चिसोमा सुरक्षित आवास तथा गरम कपडाको अभावले मरिरहेका छन् । सरकारले जनतामा यी चिसोले कठ्यांग्रिएर मरिरहेका जनताका लागि राहत उपलब्ध गराउनुको सट्टा विभिन्न आश्वासन बाँड्ने मात्र काम गरेको छ । अहिलेसम्म भूकम्पपीडितले राहतसमेत प्राप्त गर्न नसक्दा उनीहरूको जीवन अरू कष्टकर बन्दै गएको छ भने मधेस आन्दोलनको नाममा भारतले गरेको नाकाबन्दीले सम्पूर्ण मुलुकका जनतापीडित भएका छन् । अर्थतन्त्र चौपट भइसकेको छ । सरकारले वैकल्पिक व्यवस्था गर्छु भनी ठुलाठुला कुरा गरे पनि काममा फुट्टी पनि देखिँदैन । यसरी मुलुकमा असफल राष्ट्रका संकेतहरू देखिएका छन् । अहिलेको परिस्थितिलाई हेर्दा देश विदेशीहरूको पन्जामा परिसकेको आभास हुन्छ । यसले राष्ट्रिय स्वाधीनता नै गुम्ने खतरामा पुगेको छ ।

वास्तवमा नेपालको अहिलेको स्थिति 'अन्धेर नगरको चौपट राजा'को कथा भएको छ । सरकारका अगाडि अहिले नाकाबन्दी खुलाउनु, मधेस आन्दोलन सुल्झाउनु, जारी संविधानलाई कार्यान्वयन गराउनु, ओरालो लागेको अर्थतन्त्रलाई सम्हाल्नु, महँगी र कालोबजारीलाई नियन्त्रण गर्नु, भूकम्पबाट ध्वस्त संरचनाको पुनर्निर्माण गरी कष्ट भोगिरहेका भूकम्पपीडितलाई उद्धार गर्नु जस्ता चुनौती र कार्यभारहरू रहेका थिए । तर तिन महिना बितिसक्दा पनि यी समस्यालाई सुल्झाउन नसकेर आलोचनाको पात्र बनेको छ सरकार । धेरैले यो सरकारलाई टुक्का भनेर समस्यालाई गम्भीरतापूर्वक नलिएको भनी आरोप लगाएका छन् । राजनीतिमा टुक्काको प्रयोग गर्नु नराम्रो विषय होइन, यस्ता टुक्काले आफ्नो भनाइ सटिक रूपमा राख्न सकिन्छ र विश्व राजनीतिमा नै टुक्काको प्रयोगले राजनीतिलाई अरू सटिक र सरस बनाएको देखिन्छ । तर, नेपालमा भने यो टुक्काशैलीको राजनीति र यसको विरोध दुवै गैरजिम्मेवार देखिन्छन् । बोल्ने तर काम नगर्नेका रूपमा विकसित भएकाले मुलुकको गम्भीर स्थितिलाई हेर्दा यस्ता टुक्काहरू उपेक्षित र जनताको पीडालाई राहत दिनुभन्दा आहत गर्न र उपहास गर्नका लागि प्रयोग भएकोले जनताले सरकारले के भन्छ, नेताले के भन्छ भन्ने कुरा पत्याउन छोडेको अवस्था छ । यदि जनता सरकार, नेता र जिम्मेवार पक्षका बोली र भनाइ पत्याउन छोडेर निराश भए भने यसबाट उत्पन्न हुने वितृष्णाले मुलुकलाई नै नष्ट पार्न सक्ने खतरा हुन्छ ।

लेमार्कको विकासवादी सिद्धान्तमा जुन अंगहरू बढी प्रयोग हुँदै जान्छन्, ती बढ्दै जान्छन्, जुन अंग प्रयोग हुँदैनन्, ती अंग घट्दै जान्छन् भनेका छन् । डार्बिनले पनि बढी प्रचलनमा आएका अंगहरूको विकासले प्राणीहरू यसरी विकास भएको मानेका छन् । अहिलेका हाम्रा नेता र सरकारले बोल्न मात्र जानेका तर काम पटक्कै नगर्ने गरेको देख्दा यदि लेमार्क र डार्बिनको सिद्दान्तलाई नै मान्ने हो भने हाम्रा नेता र सरकारको मुख बिस्तारै बढेर चराको जस्तो चुच्चो हुन बेर लाग्दैन । जनताको कुरै नसुन्ने भएकोले कान भ्यागुत्ताको जस्तो दुलो मात्र रहने त होइन ? भन्ने आशंका पनि उत्पन्न भएको छ । 'खाली बोल्ने मात्र गरेकाले बोल्नु अगाडि कहीँ आफ्नो अनुहारमा चराको जस्तो चुच्चो त पलाउन सुरु गरेको छैन भनी छामेर हेर्नुस् है' भन्नुको तात्पर्य के हो भने तपाईंहरू धेरै बोलिसक्नुभएको छ तर काम पटक्कै गरेको छैन । यसले जनता निराश भएका छन् । यदि निराश भएका जनतामा आमनिराशा फैलियो भने त्यसको परिणाम पक्कै पनि कसैको लागि सुखद हुने छैन । त्यसैले बोल्नुभन्दा काम गरौं, भन्ने भन्दा सुन्ने गरौं । अहिले उपदेश होइन, काम चाहिएको छ । मुलुकलाई गम्भीर संकटबाट उद्धार गर्नु छ ।

**लेमार्कको विकासवादी सिद्धान्तमा जुन अंगहरू बढी प्रयोग हुँदै जान्छन्, ती बढ्दै जान्छन्, जुन अंग प्रयोग हुँदैनन्, ती अंग घट्दै जान्छन् भनेका छन्। अहिलेका हाम्रा नेताले बोल्न मात्र जानेका तर काम पटक्कै नगर्ने गरेको देख्दा हाम्रा नेताको मुख चराको जस्तो चुच्चो हुन बेर लाग्दैन।**

मधेस आन्दोलन भएको पाँच महिना पुगेको छ तर अहिले पनि त्यसबारेमा आन्दोलनरत दल र सरकार दुवै गम्भीर देखिएका छैनन् । उनीहरूबिच अहिलेसम्म २६ पटक वार्ता भए, तर कुनै परिणाम निस्किएन । यसले मुलुकको जीवन नै संकटमा परेको छ । मधेसी मोर्चाले नाकामा गएर दिएको धर्नाले आमजनताको जीवन कष्टकर हुन पुगेको छ । अधिकारका लागि भनिएको आन्दोलनले नाकाबन्दी गरेर आफ्नै जनतालाई कष्ट दिएर मुलुकको अर्थतन्त्र नष्ट गरेर राष्ट्रलाई असफल गराउने जुन काम भएको छ, त्यसलाई राजनीतिक हो नै भन्ने परिभाषा गरे पनि वास्तवमा जनताको अधिकारका लागि होइन, जनताको विरुद्धको अपराध हो यो । मुलुकको अर्थतन्त्र र जीवनरेखालाई नै नष्ट गर्ने यो आन्दोलन राष्ट्रघाती आन्दोलन हो । अर्कोतिर 'मधेस आन्दोलनका जायज माग पूरा गर्छौं' भन्ने संस्थापन पक्षका भनाइलाई ध्यान दिने हो भने उनीहरू मागलाई जायज हो भनी फलाक्दै हिँड्ने तर जायज मागलाई पूरा गर्नुभन्दा पनि थकाउने, फकाउने र आलटाल गरी राष्ट्रमाथि अरू कष्ट थप्ने काम गरिरहेका छन् । स्वयं उनीहरूको गैरजिम्मेवार कार्य पनि राष्ट्रिय विखण्डनबाट बचाउने नाममा गरिएको भए तापनि यो राष्ट्रघाती अपराधका रूपमा रहेको छ । यस्तै वार्ताका लागि समिति बनाउने तर यसमा खटाइएका व्यक्तिहरूको व्यस्तताले गर्दा वार्ता हुन सकेन भनी जुन खालका सन्देशहरू सम्प्रेषित भएका छन्, यदि यी कुरा सत्य हुन् भने यस्ता बेफुर्सदीहरूले किन वार्ताको जिम्मा लिने ? वार्ता भन्दा अरू कुरालाई प्राथमिकता दिएर समस्या सुल्झाउन ढिला गरी मुलुकलाई कष्ट दिने जुन कार्य गरिएको छ, यो कार्य मुलुकविरुद्धको अपराधको रूपमा लिइनुपर्ने हुन्छ । अरु कुराको ढाकछोप गर्न मात्र यसो भनिएको हो भने यी कुराहरू पनि स्पष्ट गरिनुपर्दछ ।

निश्चय नै अहिले मुलुकको स्वाधीनता भने गम्भीर संकटमा परेको छ । अस्ति मात्र प्रधानमन्त्री स्वयंले एक सार्वजनिक समारोहमा नेपाललाई टुक्र्याउने तत्त्वहरू सक्रिय रहेको जानकारी दिएकाले पनि यस्तो गम्भीरता देखिएको छ । एमाओवादी अध्यक्ष प्रचण्डले केही दिन अगाडि मधेस टुक्र्याउने योजना रहेको भनी एक प्रशिक्षण कार्यक्रममा खुलासा गरेका छन् । यसबाट मुलुकको अस्तित्व नै संकटमा रहेको देखिएको छ । मधेस आन्दोलनमा टीकापुर घटना हुनुभन्दा दुई साता अगाडि नै भारतका साउथ ब्लकका एक विज्ञ डाक्टर रायले एक अन्तर्राष्ट्रिय जर्नलमा लेख प्रकाशित गरी 'अब भारतले नेपालको तराई भूमिलाई भारतमा मिलाउनुपर्छ भनी लेखेका थिए । अब भारतको सुरक्षा सीमारेखा महाभारत चुरे हुनुपर्छ, जलपाइगुडीदेखि पश्चिममा रहेको तराईको सम्म भूमिलाई भारतमा मिलाउनुपर्छ भनी लेखेका थिए ।' नेपालमा सम्म भूमि नभएर पहाड मात्र रहनुपर्दछ, महाशक्ति बन्ने भारतले तराईलाई आफूसँग मिलायो भने रुसले क्रिमिया मिलाएकोले रुसबाट समर्थन हुने तथा अमेरिकाले स्लोभानियाबाट कोसोभालाई स्वतन्त्र घोषणा गरेको जस्तै तराईलाई स्वतन्त्र राज्य बनाउँदा अमेरिकाले पनि समर्थन गर्ने र पछि जनमतसंग्रह गराएर भारतमा मिलाउने योजना गरेअनुसार नै टीकापुर घटना घटाइएको थियो । भारतलाई के विश्वास थियो भने तराई-मधेस आन्दोलन उठेपछि र नाकाबन्दी भएपछि सम्पूर्ण नेपालमा प्रतिक्रियात्मक विद्रोह मच्चिने छ र यसैलाई आधार बनाएर भारतले तराईमाथि हस्तक्षेप गर्न सक्दछ । यसै परिप्रेक्ष्यमा भारतका गृहमन्त्री राजनाथ सिंहले तराईमा १ करोड भारतीय रहेको भनी यो योजनाको नखुलेको पाटो सार्वजनिक गरेका थिए । पछि सातबुँदे प्रस्ताव पठाएर नेपालमाथि नियन्त्रण गर्ने अर्को योजना पनि प्रस्तुत गरेका थिए ।

भारतले स्वतन्त्र हुने बित्तिकैदेखि नेपाललाई भारतमा मिलाउनुपर्छ भनी तत्कालीन गृहमन्त्री बल्लभ भाइ पटेलले प्रस्तावसमेत गरेका थिए । त्यस बेला स्वतन्त्र भएपछि नेपालले सुगौली सन्धिबाट गुमाएको भूमि माग गर्दछ भन्ने भएकाले नेपाल पूरै भारतमा गाभ्ने प्रस्ताव गरेकोमा नेहरूले तत्काल नेपालको भूमि गाभ्न स्वीकृति नदिएपछि नेपाल बचेको थियो । पछि सन् १९७४ मा इन्दिरा गान्धीले सिक्किम भारतमा मिलाएपछि सोही मोडेलमा नेपालको तराई भूमिलाई भारतमा मिलाउने मिस्टर काओको नेतृत्वमा रअलाई खटाएकी थिइन्, तर इन्दिरा गान्धी निर्वाचनमा हारेकाले गर्दा र जनता पार्टीको सत्ता आएपछि नेपाल विभाजित हुनबाट बचेको थियो । अहिले यसको ४० वर्षपछि पुनः नेपाल फुटाएर भारतमा मिलाएर चुरेलाई भारतको सीमा बनाउने योजना रहेको छ । यद्यपि, मधेस आन्दोलन, नाकाबन्दी, इन्धन संकट हुँदा पनि नेपाली जनता उत्तेजित नभई सरकारविरुद्ध नउत्रिई 'बरु पटुका कस्छौं तर कसैसँग झुकेर सम्झौता नगर' भनेपछि यो भारतको पछिल्लो अभियान अहिलेको लागि असफल भएको छ । भारतले पछिल्लोचोटि नेपाली जनताको एकता, विश्व र भारतीय जनमतले गर्दा यो कार्य तत्कालको लागि स्थगित गरेपछि इन्धन आपूर्ति सहज भएको छ र मधेस आन्दोलन पनि शिथिल हुन पुगेको छ । तथापि, अहिले पनि नेपालको संसद्मा संविधानको संशोधन गर्न निर्देशन दिइरहेको र प्रधानमन्त्रीको भारत भ्रमणमा कुनै गम्भीर किसिमको नेपालको स्वाधीनतामाथि संकट पर्ने गरी सम्झौतामा हस्ताक्षर गराउने भन्ने खतरा टरिसकेको देखिँदैन ।

हिजो जनयुद्ध सुरु गरी नेपालको वर्तमान स्थितिसम्म ल्याउने भूमिका खेलेका माओवादीबिचमा भएको विभाजन र कमजोर अवस्थाले गर्दा हो । जनयुद्धपछि प्रमुख शक्तिको रूपमा स्थापित भएको दश वर्षबिचमा माओवादी पार्टीमा कैयौं चिरा परेका छन् । यसो हुनुमा नेतृत्वको कमजोरीका साथै साम्राज्यवादी शक्तिहरूको चलखेलको कारण नै हो । तथापि, नेपालमा कम्युनिस्टको संख्या अत्यधिक भए पनि टुटफुटको कारणले कमजोर भएकाले राष्ट्रिय स्वाधीनता नै खतरामा परेको अवस्था छ । यसैले राष्ट्रिय स्वाधीनता जोगाउन तथा मुलुकमा शान्ति र विकासका लागि अहिले जनताले भोगिरहेका कष्टबाट पार लगाउन र जनजीविकालाई सहज गर्नका लागि माओवादी पार्टीहरू एक भएर अगाडि बढ्नु अनिवार्य भएको छ ।

यही राष्ट्रमाथि आएको संकट तथा जनजीविका र भूकम्पलगायतले जनताको जीवनमाथि उठेको संकटबाट मोचन गर्न माओवादी शक्तिबिचमा एकता अनिवार्य भएको भनी केही समयदेखि माओवादी पार्टीहरूबिच एकता कायम गराउनका लागि केही बुद्धिजीवी तथा शुभचिन्तकले अभियानसमेत सुरु गरेका छन् । माओवादीहरूले जनयुद्ध सुरु गर्दा अहिलेको अवस्था असम्भव जस्तो देखिए पनि उनीहरूमा रहेको एकता र साहसले यो परिस्थितिसम्म आउन सकेका हुन् । तर, पछिल्लो टुटफुटले माओवादी कमजोर भएको हुँदा माओवादीलाई एउटै खाल्डोमा पुर्नका लागि साम्राज्यवादी र यसका समर्थकहरू लागिपरेका छन् भन्ने अभियानले ठहर गरेको छ । माओवादी टुटफुट भई कमजोर हुँदा ठुलो क्षति बेहोर्नुपरेको छ । त्यसैले माओवादीले आफ्ना विगतका कमीकमजोरीलाई समीक्षा गर्दै आफ्नो जनता र मुलुकप्रतिको निष्ठालाई कायम राख्नका लागि पनि एक हुनुपर्छ । यसका लागि कार्यकर्ताको मनोभावना बुझ्नु र जनताका इच्छाहरू बुझेर अगाडि बढ्ने र भएका आपसी मतभेदहरू र विचारमा देखिएका केही मतभेदलाई आपसमा बसी सहमति गरेर देश र दुनियाँको हितलाई आफ्नो र आफ्नो गुटभन्दा माथि राखी अगाडि बढ्नुपर्छ भन्ने पनि अभियानको मत रहेको छ । यसप्रति व्यापक समर्थन भएको देखिएको छ । यसै पृष्ठभूमिमा वैद्य माओवादीका नेता मोहन वैद्यले भक्तबहादुर श्रेष्ठको स्मृतिमा राष्ट्रिय स्वाधीनताका लागि माओवादीबिचको एकतालाई अनिवार्य भनी दिएको अभिव्यक्ति तथा एमाओवादीका अध्यक्ष प्रचण्डले मुलुकका समस्याहरूसँग जुध्नका लागि सबैसँग एकता गर्नका लागि गरेको आह्वानले माओवादी पार्टीहरूबिचको एकता वर्तमान समस्याहरू समाधान गर्न र राष्ट्रको स्वाधीनता रक्षा गर्न तथा समाजवादी क्रान्ति पूरा गर्नका लागि अपरिहार्य रहेको कुरालाई सबै पक्षले आत्मसात् गरेको कुरालाई सकारात्मक मान्नुपर्दछ ।

# नयाँ शक्तिको नयाँ बहस



■ पराशर रिजाल

*'शक्ति दुई किसिमका हुन्छन्, एउटा दण्डको त्रासबाट प्राप्त हुन्छ भने अर्को प्रेमपूर्ण व्यवहारबाट । प्रेमपूर्ण व्यवहारबाट प्राप्त हुने शक्ति दण्डको त्रासबाट प्राप्त हुने शक्तिभन्दा हजार गुणा बढी प्रभावकारी र टिकाउ हुन्छ ।'*

**– महात्मा गान्धी**

नेपालमा अहिले नयाँ शक्तिको नाममा नयाँ पार्टी निर्माणको बहस चलिरहेको छ । एमाओवादीभित्र चतुर ठानिएका डा. बाबुराम भट्टराईले त यसको सुरुआत नै गरिसकेका छन् । त्यसैले यसलाई कतिपयले माओवादी जनयुद्धमा लागेका डा. भट्टराईको पुरानो जनयुद्धको धब्बालाई धोई पखाली गरी चोखिन र प्रचण्डको राप तापबाट ओझेल लागेकाहरूलाई जोरजम्मा गरी आफू पुनः शक्तिमा पुग्न ल्याइएको एउटा चलाखीपूर्ण 'स्टन्ट' मात्र हो भनेर पनि बुझ्ने गरेका छन् । डा. भट्टाईले जुन परिवेशमा नयाँ शक्तिको कुरा गरेर आफ्नो पुरानो पार्टी परित्याग गरेका छन्, त्यो स्वाभाविक विकासक्रम र समयको माग भनेर स्वीकार गर्न पनि धेरै विश्लेषकलाई गाह्रो भइरहेको छ । मुलुकमा अहिले एकातिर भारतीय नाकाबन्दीले चौतर्फी हाहाकार भइरहेको र अर्कोतिर मधेसका असन्तुष्ट दलहरूले संविधानको पुत्ला जलाउँदै गरेको विषम अवस्था छ । संविधान निर्माणको संवैधानिक समितिको सभापति जस्तो प्रमुख हैसियतमा रहेर भूमिका खेलेका व्यक्तिको संविधान कार्यान्वयनमा गम्भीर चिन्ता र चासो नदेखिनु एवं यसको कार्यान्वयनको नैतिक जिम्मेवारी नलिई बाहिरिनुलाई उनको त्यही चातुर्य भनेर बुझिएको छ । त्यसैले भट्टराईको पुरानो दल परित्याग र नयाँ शक्ति निर्माणको अभियान हरेक हिसाबले शंकाको घेरामा छ । तथापि, मुलुक एक पछि अर्को जटिलतामा फसिरहेको र पुराना दलहरू आन्तरिक विवादमा फसेर मुलुकलाई ठोस निकास दिन नसकिरहेको परिवेशमा नयाँ शक्ति (दल ?) निर्माणको बहस हुनु स्वाभाविक देखिन्छ । त्यसैले यस विषयमा छलफल हुनु सान्दर्भिक नै हुने हुँदा यस लेखमा त्यही विषयमा केन्द्रित हुने कोसिस गरिएको छ ।

**विश्व अनुभव :** बेलायतका कन्जरभेटिभ र लेवर पार्टी तथा डेनमार्कको लिवरल एवं अमेरिकाका डेमोक्रेटिक र रिपब्लिक दलहरूको इतिहास २ सय वर्षभन्दा लामो छ । कुलीन र जमिनदारहरूले आफ्नो स्वार्थ रक्षाका लागि सुरुआत गरेको दलमा बिस्तारै व्यापारी, उद्योगपति, कामदार र अधिकारकर्मीलगायत आमसर्वसाधारण सामेल भएका देखिन्छ । ट्रेड युनियन अधिकारका लागि, धार्मिक उद्देश्यले आफ्नो स्वार्थरक्षाका लागि संगठित हुन थालियो । ती दलहरूले आफूलाई समयको पदचापसँगै, युगको माग सँगसँगै अरू पक्षको स्वार्थलाई पनि समेट्दै, परिवर्तित हुँदै आएका कारण अद्यापि उनीहरूको नेतृत्व औचित्यपूर्ण ठहरिइरहेको छ । त्यहाँ बिचबिचमा नयाँनयाँ राजनीतिक दलहरू नजन्मिएका होइनन्, तर ती पानीका फोका जस्तै जन्मने र फुट्ने क्रम भई नै रह्यो । नयाँ दलहरूले पुरानालाई पाखा लगाउन सकेनन् । सन् १८३२ मा औपचारिक रूपमा स्थापना भएको बेलायतको कन्जरभेटिभ पार्टी अहिलेसम्म क्रियाशील भई अस्तित्वमा रहेको संसारकै सबैभन्दा पुरानो पार्टी मानिन्छ । यसलाई अझ सन् १६७८ मा स्थापना भएको टोरी पार्टीकै निरन्तरता पनि भनिन्छ । यी पुराना पार्टी अस्तित्वमा मात्र रहेका होइनन् कि शासन सत्तामा पनि निरन्तर क्रियाशील छन् । अमेरिकामा डेमोक्रेटिक पार्टीका बाराक ओबामा राष्ट्रपति छन् भने बेलायतमा कन्जरभेटिभका नेता डेभिड क्यामरुन प्रधानमन्त्री छन् । सन् १८८५ मा स्थापना भएको भारतीय कांग्रेस पार्टी सन् १९४७ मा भारत स्वतन्त्र भएदेखि नै सत्तामा निरन्तर रहेको छ र भर्खरै मात्र प्रतिपक्षमा पुगेको छ । अहिले संसारकै पहिलो शक्तिशाली बन्ने होडमा दौडिरहेको मुलुक चीनको कम्युनिस्ट पार्टीको स्थापना पनि सन् १९२१ मा भएको हो, जुन पार्टी निरन्तर सत्तामा रहेको छ र त्यसैको नेतृत्वमा चीनले अभूतपूर्व विकास गरिरहेको छ । त्यही पार्टीकै नेता छि जिङ पिङले वर्तमान चीनको नेतृत्व गरिरहेका छन् ।

**नेपालको सन्दर्भ :** नेपालको वर्तमान सत्तामा रहेको नेपाल कम्युनिस्ट पार्टी सन् १९४९ मा र प्रतिपक्षमा रहेको नेपाली कांग्रेस पार्टी सन् १९४७ मा स्थापना भएका हुन् । नेपालको इतिहासमा २००७, २०३६, २०४६ र २०६३ सालमा गरी चारओटा ठुलाठुला जनआन्दोलन भए । बिचबिचमा पनि न्यायप्राप्तिका लागि तत्कालीन निरंकुश सत्ताविरुद्ध उनीहरूकै नेतृत्वमा धेरै आन्दोलन भएका उदाहरण छन् र आज पनि तिनै पुराना राजनीतिक दलहरू नै सत्तामा क्रियाशील छन् । तर, आन्दोलनबाट प्राप्त उपलब्धिहरू भने सुरक्षित र संस्थागत हुन सकिरहेका छैनन् । आखिर दलहरूको प्रमुख कमजोरी के हो त ? अनि नयाँ बनाउन खोजेको शक्ति (पार्टी ?) चाहिँ त्यो कमजोरीरहित हुन सक्ला ?

**कसरी बन्छ नयाँ शक्ति ? :** नयाँ शक्ति भनेको के हो र यो कसरी निर्माण हुन्छ भन्ने कुराको निष्कर्षबिना हामी नयाँ शक्तिको हल्लामा बहकिनु भनेको समय बर्बाद गर्नु र मुलुकमा अरू अन्योल थप्नु मात्रै हुन जान्छ । कहाँबाट कसको भ्रूणले कसरी नयाँ शक्तिको जन्म हुन्छ ? यो कुनै शून्यबाट सिर्जना हुने त अवश्य होइन । यही धर्ती, यहींका जनता, यहींका तिनै पुराना बाबुरामहरू नै यसका नेता हुने र तिनै पुराना लडभिड र मारपिट गर्ने संस्कार बोकेका कार्यकर्ता अनुयायी हुने हो भने परिणाम के निस्कन्छ र ? नयाँ शक्ति बन्ने क्रममै माओवादी पाँच टुक्रा भइसकेको छ । अब अर्को नयाँ बन्नु भनेको छैटौं नम्बरको माओवादी मात्र पनि हुन सक्छ । हिजो २०५२ सालमा जन्माएको नयाँ शक्तिको दाह्रा र नंग्रा पलाएर मुलुकको के हविगत भयो ? अहिले मधेसमा जन्माएको नयाँ शक्तिले गरेको उत्पात देशले थामी नसक्नु भएको जग जाहेर छ । त्यसैले नयाँ शक्ति निर्माणको कुरा मुलुकको वस्तुगत आवश्यकता र औचित्यले मात्र साबित गर्छ । लहडी भयो भने त्यही परिस्थिति नदोहोरिएला भन्न सकिँदैन ।

**सांस्कृतिक रूपमै परिवर्तन जरुरी :** समाज विभिन्न जाति, भाषी, संस्कृति र धर्मावलम्बीको समष्टिगत रूप हो । त्यहाँ असल र खराब दुवै किसिमका आचरण भएका मानिसहरू हुन सक्छन् । उनीहरूकै पृष्ठपोषणबाट राजनीतिक दलहरू जन्मने र हुर्कने हुँदा त्यसमा पनि त्यही आचरण र संस्कारहरू प्रतिविम्बित हुन्छन् । कमसेकम पाँच सात वर्ष जनताको सेवामा लागेर जनताले आफ्नो नेतृत्वको लागि योग्य भनी निर्वाचित गरेकाहरू मात्र कुनै पनि राजनीतिक पार्टीहरूको सदस्यता लिन योग्य हुनेजस्ता प्रावधान राख्ने हो भने समाजबाटै खारिएर मानसिक र भावनात्मक रूपमा जनताको सेवा गर्न तयार भएको नेतृत्व खडा हुन सक्छ । 'जोगी हुनलाई राजनीति गर्ने हो र ?' भन्ने मानसिकता नेतृत्वमा रहुन्जेल र जसरी पनि नेतृत्व हत्याउनुपर्छ भन्ने नियत भएपछि लोकतन्त्र देखाउने दाँत जस्तो मात्र हुन्छ । लोकतन्त्र भनेको एउटा उत्कृष्ट पद्धतिको साथसाथै संस्कृति पनि हो । काम गर्नेलाई सम्मान गर्ने, ठग र घुस खानेलाई सामाजिक बहिष्कार गर्ने अभियान चलाए मात्र नैतिकवान् हुन सबैलाई दबाब पुग्छ । सबैको राम्रो कुराको प्रशंसा, अनुशरण एवं नराम्रो कुराको आलोचना र परित्याग राम्रो संस्कृतिको सुरुआत हो । सबैका पीडाको सुनुवाइ, बहुमतको कदर र अल्पमतको सुरक्षा लोकतन्त्रको सौन्दर्य हो । अहिलेको लोकतन्त्रको समस्या भनेको दण्डहीनता, अराकता र मुढेबलको प्रयोग हो । यसले हामीलाई निरन्तर दुश्चक्रमा फसाइरहेको छ । पुराना गलत प्रचलनलाई नजिर बनाइएको छ । वर्तमान मधेस आन्दोलन त्यसैको 'बाइ प्रोडक्ट' हो भनेर बुझ्नु सही हुने छ ।

नयाँ शक्ति भनेको कुनै जादुमय औजार होइन, जसले समाजलाई रातारात समृद्धिमा पुऱ्याओस् । यो केवल पुरानो गल्तीलाई सच्याई राम्रो बन्ने अभ्यास हो । यसका लागि हाम्रा विगतका समग्र अभ्यासको अवलोकन र कमजोरीहरूको 'पिन प्वाइन्ट' गरेर सच्चिइ अगाडि बढ्नुपर्छ । यसरी हेर्दा राज्यलाई लोकतान्त्रीकरण गर्न राम्रो आचरण भएका व्यक्तिहरू त्यहाँ पुग्नु जरुरी देखिन्छ । राज्यका सबै अंगलाई लोकसम्मतिअनुरूप र विधिसम्मत, प्रक्रियासम्मत सञ्चालन गरिनुपर्छ । समाजलाई पनि यसले राम्रो सभ्यता र संस्कार दिन्छ । यसले हाम्रो नेतृत्वलाई जनता, राष्ट्र र भावी सन्तानका लागि जिम्मेवार बनाउने छ । तर, अहिले हामी उपभोक्तावादी भएका छौं । राजनीतिक दलहरू सत्तालिप्सामा चुर्लुम्म डुबेका छन् । सत्ता पक्ष विपक्षीलाई किनारा लगाउन प्रयत्न गर्छ भने विपक्षी सत्तामा रहेकाबाट राम्रो कामको आशा गर्नेभन्दा पनि बद्नाम भएर छिटो पतन भएको देख्न आतुर छ । उसलाई कुनै पनि किसिमले राम्रो काम गर्न नदिन निरन्तर लागि पर्छ । हाम्रा सरकारी सबै संयन्त्र पदको भागबन्डाको संस्कृतिले निकम्मा बनेका छन् । लोकतान्त्रिक व्यवहार र आचारण परिवारबाटै सुरु गरिनुपर्छ । दलहरूका इकाईभित्र लोकतान्त्रिक विधि कडाइका साथ अबलम्बन गरिनुपर्छ । विधि र प्रक्रिया मिच्ने प्रवृत्तिले दलहरूभित्रै गुट र उपगुटहरू जन्मेर समस्या खडा गरेका छन् । यसलाई निरुत्साहित गरिनुपर्छ ।

**टर्निङ प्वाइन्ट :** मुलुक अहिले एउटा गम्भीर मुद्दामा केन्द्रित छ । संविधानसभाका ९० प्रतिशतभन्दा बढी सदस्यले पारित गरेको नयाँ संविधान, विधि र प्रक्रियामा गएर निर्माण गरेको संविधान मान्ने कि १० प्रतिशतभन्दा कम सदस्यले गरेको विद्रोहलाई मान्यता दिने र उनीहरूको दबाबको आधारमा संविधान संशोधन गर्ने ? यो कुरा संविधान निर्माणको सवालमा मात्र होइन कि दलहरूको सञ्चालन विधिको सन्दर्भमा पनि लागू हुन्छ । स्व. गणेशमान सिंहले भनेको एउटा उक्ति यहाँ सान्दर्भिक हुन सक्छ, 'कुकुरले पुच्छर हल्लाउने कि पुच्छरले कुकुर ?' लोकतन्त्रले देशको सही थिति बसाल्ने वा अनन्त अन्योलतर्फकै बाटोलाई समात्ने ? भन्ने कुरा यही विषय, बिन्दुको निष्कर्षमा निहीत छ । यो निर्णायक घडी हो । मुलुकको 'टर्निङ प्वाइन्ट' नै यही हो । मुलुकमा अहिले सयभन्दा बढी राजनीतिक दल छन् । अब नयाँ शक्ति जन्माउने भन्दा पनि भएकाहरू नै कि त जनताको सेवामा समर्पित हुने, कि त गतिविधि बन्द गरेर सन्यास लिने । यी दुईमध्ये एक रोज्न बाध्य पार्ने स्तरको दवाबको जरुरी छ । नयाँ शक्ति जनताको माया र सेवाबाट मात्र आर्जन हुन्छ । आतंकले, छलले सिर्जना गरेको शक्ति टिकाउ हुँदैन । इतिहासले हामीलाई यही पाठ पढाएको छ । सच्चियौं भने नयाँ शक्ति बन्छौं, पुनरावृत्ति गऱ्यौं भने असान्दर्भिक भएर गर्तमा पुरिन्छौं ।

# नेपाल बाहिरको अर्को नेपाल



■ महेश बराल

विकिपिडियाले देखाएको एउटा तथ्यांकले भर्खरै मेरो दिमाग रन्थन्यायो । मलाई आश्चर्यमा पाऱ्यो । मलेसिया, बर्मा, साउदी अरेबिया, यूएई, कतार, अमेरिकाजस्ता मुलुकमा छरिएर रहेका नेपालीको सूची त्यहाँ देख्दा पत्याउनै नसकिने खालको थियो । देशको कुल जनसंख्याको १० प्रतिशतभन्दा ज्यादा नेपाली देशबाहिर रहेछन् भन्ने थाहा पाउँदा केही अनौठो महसुस भयो । अनौठो र अचम्म यस अर्थमा भयो कि त्यो संख्यामा युवाको संख्या ज्यादा थियो । अर्थात्, देशको महत्त्वपूर्ण शक्तिमध्येको एउटा मुख्य अनि महत्त्वपूर्ण शक्ति युवा, त्यो पनि बहुसंख्यामा देशबाहिर । त्यो पनि बेरोजगारीको भोकले पिल्सिएर बाहिरिएको एउटा शिक्षित समूह । जम्मा जोडेर हेर्ने हो भने त्यो संख्या २० लाख भन्दा माथि आउँछ । अझ अरू त्यस्ता गैरआवासीय नेपालीका लागि काम गर्ने संस्था, संगठनका तथ्यांक हेर्ने हो भने त्यो संख्या अझै बढी पाउन सकिन्छ । त्यसमा भारतको तथ्यांक समावेश थिएन । सोचैं, भारतसहितको संख्या गणना गर्ने हो भने त्यो कहाँ पुग्ला ?

**नेपालबाहिरका नेपालीका बारेमा यसो बसेको बेला खोजेको तथ्यांक यस्तो मगज हल्लाउने नै होला भन्ने कल्पना पनि थिएन ममा । साँच्चै नै नेपालबाहिर अर्को नेपाल बनिसकेको रहेछ ।**

नेपालबाहिरका नेपालीका बारेमा यसो बसेको बेला खोजेको तथ्यांक यस्तो मगज हल्लाउने नै होला भन्ने कल्पना पनि थिएन ममा । आधा अर्को नेपाल, जो नेपालबाहिर छ भन्ने कुरा पहिल्यै सुनेको भए पनि त्यसलाई यसरी गहिरिएर सोचिएको रहेनछ पहिले । स्थिति एक प्रकारले अत्यासलाग्दो लाग्ने । साँच्चै नै नेपालबाहिर अर्को नेपाल बनिसकेको रहेछ । विकिपिडिया नै कति सत्य होला र ? यसका तथ्यांक नै अन्तिम सत्य हुन् भन्ने के नै प्रमाण छ र ? अथवा हुन पनि सक्छ । अथवा त्यसरी सूची नै बनाएर दिइसकेपछि त्यसमा विश्वास गर्न सक्ने आधार थियो । हरेकमा सन्दर्भ सामग्रीसहितको लिंक थियो । मैले त्यसमा दिइएका सबै लिंक खोलेर पनि हेरें । नेपालकै संस्थाहरूले राखेको तथ्यांक पनि हेरें । अन्ततः त्यो गणितीय मानकलाई स्वीकारें ।

नेपालको कुल अर्थतन्त्रमा रेमिट्यान्सले १५ प्रतिशत भन्दा बढी हिस्सा ओगट्छ । कुल गार्हस्थ उत्पादनमा ठुलो भूमिका निभाएको छ । राष्ट्रिय आमदानीमा महत्त्वपूर्ण स्थानमा छ । अझ ग्रामीण क्षेत्रमा हेर्ने हो भने त्यहाँको अर्थतन्त्र लगभग रेमिट्यान्सकै भरमा चलेको छ । घरको एक न एक सदस्य विदेशमा छ । गाउँबाटै एउटा पुस्ता पलायन भएको स्थिति छ । त्यसको आडभरोसामा बाहिरिनका लागि अर्को पुस्ताको पनि लाम सुरु भइसकेको हुन्छ । बजारमा म्यानपावरको विज्ञापन अनि त्यसका एजेण्टका गफ सुन्दा लाग्छ, अब विदेश नजाने मान्छेको यहाँ काम छैन । हर मध्यम परिवारको दबाब आफ्ना सन्तानलाई विदेश नै पठाउने हुन्छ । समाजमा लहड चल्या छ, विदेश नै जाने । अब समयले नै आफैं व्यक्तिलाई विदेशमोही बनाउन थालिसकेको अवस्था छ । त्यसले एउटा लहडका रूप लिइसकेको छ । हरेक गाउँमा, हरेक समाजमा, हरेक परिवारमा अनि हरेक व्यक्तिमा छ यो लहड, अतिसामान्य परिवारदेखि अतिउच्च घरानासम्म । अतिकम शिक्षितदेखि, उच्चशिक्षितसम्म । यो आमनेपालीका दिमागमा रोगसरी पसिसकेको छ ।

उसो भए त्यो रेमिट्यान्सको प्रयोग कति सकारात्मक छ त ? त्यो सही ठाउँमा लगानी भएको छ ? नागरिकको जीवनस्तरमा कस्तो परिवर्तन गर्न सकेको छ त्यसले ? त्यो विदेशी पैसाले यहाँ कस्तो किसिमको विकास हुनुपर्थ्यो ? कस्तो भइरहेछ ? के त्यो पैसाले लगानीकै रूप लिन पायो त ? यदि सामान्य ग्रामीण परिवारबाट विदेश उडेको एउटा अतिसामान्य नागरिकका रूपमा हेर्ने हो भने त्यो रेमिट्यान्सले लगानीका रूप लिन पाएको देखिँदैन । गाउँभन्दा केहीपरको अलिक बढी विकास भएको सहरोन्मुख बस्तीमा किनिएको केही आना जग्गा, जहाँ एउटा घरसम्म बनाउन मिल्ने ठाउँ हुने गर्छ, एउटा सानो चारकोठे कंक्रिट, साहुको ऋण अनि त्यसको ब्याज, एउटा गतिलो ल्यापटप, दुईचार थान गतिला मोबाइल सेट, केही जोर लत्ताकपडा, आफन्तका लागि केही गिफ्ट, एउटा मोटरबाइक, अनि भइपरीका लागि केही हजार बैंक ब्यालेन्स । एउटा आमनेपालीको विदेशको कमाइ यतिमै सीमित भएको देखिन्छ । त्यो भन्दा केही बढेर गएको भए त्यसको पनि खास महत्त्वपूर्ण उपलब्धि देखिएको छैन ।

सामान्यतया १८ वर्ष उमेर पुगेपछि व्यक्ति परिपक्व हुने गर्छ । उसमा ज्ञानको दायरा बढ्न थाल्छ, विवेकले स्थान लिन सुरु गर्छ, जोस देखापर्न थाल्छ, शारीरिक विकास तीव्र बन्छ साथसाथै मानसिक विकासले पनि तीव्रता पाउँछ । यही उमेर उसका लागि उत्पादनमूलक पनि हुने गर्छ । केही गरौं भन्ने जोश, उत्साह भरिएको हुन्छ । शारीरिक क्षमता बढेको हुन्छ । राष्ट्रले सक्षम जनशक्ति नपाउँदै गुमाउँछ । अर्थात्, ऊ त्यही बेला देशबाट बाहिरिन बाध्य हुन्छ/पारिन्छ । उसले आफ्नो क्षमता अरूका लागि प्रयोग गर्छ, आफ्नो ज्ञान अरूकै लागि खर्चिन्छ, आफ्नो मिहिनेत अरूकै लागि सुम्पिन्छ । बदलामा केही झिनो रकम हात पार्छ । त्यतिमै सन्तुष्ट पनि हुन्छ । हो, आमनेपालीको बाध्यता पनि यही हो कि उसको एउटा उमेरको सुरुआत विदेशमा सुरु भएर विदेशमै टुंगिराखेको छ । नेपालबाहिरको अर्को नेपाल यही गतिमा घस्रिएको वर्षौं बितिसकेको छ ।

आमनेपाली युवाको बाध्यता भइसकेको छ, आफ्नो महत्त्वपूर्ण समय देशबाहिर बिताउने । आफ्नो सिर्जनात्मक उमेर अरूका लागि सुम्पिने, त्यो पनि अतिकठोर शारीरिक श्रम खर्चेर, अतिकम पैसामा उसले आफ्नो श्रम अरूकै लागि सुम्पिएको हुन्छ । यो अवस्था कहिलेसम्म ? देशकै लागि भनेर केही नयाँ सोच्ने दिन कहिले आउने नेपालमा ? नेपालबाहिर रहेको त्यो समूहलाई यहीँ केही छ भन्ने विश्वास कसले दिलाउने ?

आजको विश्वव्यापीकरणको जमानामा वैदेशिक रोजगारीलाई नराम्रो मान्ने ठाउँ बिल्कुलै पनि छैन । रेमिट्यान्सलाई पनि गतिलै लगानीका रूपमा मान्न सकिन्थ्यो, यदि त्यो सही रूपमा प्रयोग हुन्थ्यो भने र यदि त्यो लगानीलाई लगानीकै रूपमा लगानी गर्न सकिन्थ्यो भने । न सरकार, न व्यक्ति अथवा न परिवार, आजका दिनसम्म कतैबाट पनि त्यसबारेमा सोचविचार भएको छैन नेपालमा । कुनै निकाय पनि यस विषयमा खासै गम्भीर हुन सकेको छैन । कुल रेमिट्यान्सको केही प्रतिशत मात्रै रकम, एकमुष्ठ संकलन गरी लगानी गर्दा त्यो प्रभावकारी हुन सक्थ्यो । सरकार किन मौन छ ? सरकारबाहिरका संगठनहरू किन यो विषयमा आवाज उठाइरहेका छैनन् ? त्यो लगानी कहाँ चुहिएको छ त ? कहाँ गइरहेछ त्यत्रो लगानी ? प्रश्न कहिलेसम्म यत्तिकै अनुत्तरित भइरहने ?

यो एकदमै दुःखलाग्दो अवस्था हो । आधा नेपाल, त्यो पनि श्रमजीवी समूह, त्यसमा पनि युवा, अनि त्यो पनि राष्ट्रको प्रमुख शक्ति देशबाहिर हुनु कुनचाहिँ राष्ट्रका लागि राम्रो अवस्था हो र ! यसले पक्कै पनि राम्रो नतिजा ल्याउँदैन । त्यो कदापि राष्ट्रहितका लागि हुने छैन । बरु त्यसले अरू कति पुस्ता यही अवस्थामा रहनुपर्ने हो भन्ने गम्भीर प्रश्न खडा गरिदिएको छ ।

# नेपालको श्रीलंकाविरुद्ध जित



**ढाका/एजेन्सी–** करिब तिन वर्षपछि नेपाली फुटबल टिमले अन्तर्राष्ट्रिय स्पर्धामा जित निकालेको छ । बुधबार बंगलादेशमा जारी रहेको बंगबन्धु गोल्डकपमा नेपालले श्रीलंकाविरुद्ध १-० ले हराउँदै केही समयअघि भारतमा सम्पन्न साफ च्याम्पियनसिप भोगेको हारको बदलासमेत लिएको छ ।

साफ च्याम्पियनसिपको समूह चरणको खेलमा श्रीलंकाले नेपाललाई १-० ले हराएको थियो । नेपालका लागि विमल घर्तीमगरले खेलको चौथो मिटेनमै गोल गर्दै जित दिलाए । यसअघि मलेसियाको फेल्डा क्लबसँग भएको खेलमा नेपाल पराजित भएको थियो । शुक्रबार नेपालले आयोजक बंगलादेशसँग खेल्नेछ ।

यसअघि २०१३ मा काठमाडौंमा भएको साफ च्याम्पियनसिपमा भारतलाई २-१ ले हराएयता नेपालले जित निकाल्नसकेको थिएन । त्यसपछि नेपालले लगातार ११ खेलमा जित निकाल्न सकेको थिएन । बुधबार विमलले रोविन श्रेष्ठको पासमा गोल गरेका थिए । अधिकांश समयमा नेपालले बललाई नियन्त्रणमा राखेको भए पनि स्कोर भने थप्न सकेन ।

विजयी गोल गर्ने विमल घर्तीमगर म्याच अफ दि म्याच घोषित भए । उनले सबैको प्रयासले नेपालले जितेको बताउँदै सबैलाई धन्यवाद दिए । 'अबको हाम्रो लक्ष्य भनेको बंगलादेशलाई हराउनेमा केन्द्रित हुनेछ,' उनले भने । अञ्जन विष्टले केही अवसर सदुपयोग गर्न सकेनन् भने हेमन गुरुङले राम्रो मौका खेर फालेका थिए ।

# टेलिकम र पुलिस क्लबको साथ

**राजधानी समाचारदाता**
काठमाडौं, २९ पुस

नेपाल टेलिकमले नेपाल पुलिसको पुरुष र महिला फुटबल टिमलाई एक वर्षसम्म प्रायोजन गर्ने सम्झौता गरेको छ । टेलिकमले पुरुष फुटबल टिमलाई १६ लाख रुपैयाँ र महिला फुटबल टिमलाई ६ लाख रुपैयाँ गरी २२ लाख रुपैयाँ उपलब्ध गराउने भएको हो ।

बुधबार नेपाल टेलिकमले नेपाल प्रहरीको पुरुष तथा महिला फुटबल टिमलाई एक वर्षसम्म प्रायोजन गर्ने सम्बन्धमा सम्झौता भएको हो । सो सम्झौता पत्रमा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक बुद्धिप्रसाद आचार्य र नेपाल प्रहरीको तर्फबाट प्रहरी महानिरीक्षक तथा केन्द्रीय खेलकुद समितिका अध्यक्ष उपेन्द्र कान्त अर्यालले हस्ताक्षर गरे ।

सम्झौताअनुसार नेपाल पुलिस क्लबका पुरुष तथा महिला फुटबल खेलाडीले नेपाल टेलिकमको लोगो तथा नाम अंकित जर्सी लगाएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेल खेल्नेछन् । दुवै पक्षको आधिकारिक रङ प्रयोग गरी जर्सी तयार गरिने र जर्सीको अगाडिको भागमा नेपाल टेलिकमको लोगो रहने र नाम लेखिनेछ । हाफ पाइन्टको अगाडि भागको बायाँपट्टि नेपाल टेलिकमको नाम तथा लोगो रहनेछ ।



सोही समारोहमा नेपाल टेलिकमका तर्फबाट पुरुष फुटबल टिमका कप्तान जुमानु राई र महिला फुटबल टिमकी कप्तान चन्द्रा भण्डारीलाई खेलकुद सामग्री हस्तान्तरण गरियो ।

सो अवसरमा प्रबन्ध निर्देशक बुद्धिप्रसाद आचार्यले नेपाल टेलिकमले सामाजिक उत्तरदायित्वलाई विचार गरेर पुलिस क्लबलाई सहयोग गरेको बताउँदै यसले क्लबको फुटबल खेललाई एक कदममाथि उठाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे । सो अवसरमा प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालले नेपाल प्रहरीले स्थापना कालदेखि नै फुटबललाई स्तरीय बनाउन महत्त्वपूर्ण भूमिका खेलिरहेको बताए ।

यससम्बन्धी सम्झौता गर्न आयोजित कार्यक्रममा नेपाल टेलिकमका नायब प्रबन्ध निर्देशकहरू तथा अन्य वरिष्ठ अधिकृत एवं नेपाल प्रहरी केन्द्रीय खेलकुद समितिका कार्यकारी निर्देशक तथा प्रहरी अतिरिक्त महानिरीक्षक सुरेन्द्रबहादुर शाह तथा अन्य वरिष्ठ प्रहरी अधिकृत र क्लबका पुरुष तथा महिला खेलाडी तथा प्रशिक्षकको समेत उपस्थिति रहेको थियो ।

गत वर्ष पनि नेपाल टेलिकमले नेपाल प्रहरीको पुरुष तथा महिला फुटबल टिमलाई प्रायोजन गरेको थियो । यस अवधिमा पुरुष फुटबल टिमले मनकामना केबुलकार पोखरा कप अन्तर्राष्ट्रिय फुटबल प्रतियोगितामा प्रथम र रुस्लान छैटौं सिमरा गोल्ड कपमा द्वितीय स्थान हासिल गरेको थियो ।

## जुडो टोली भोपाल प्रस्थान

**काठमाडौं/रास–** थप तयारीका लागि १२औं दक्षिण एसियाली खेलकुद (साग) मा सहभागी हुने नेपाली जुडो टोली बुधबार भारतको भोपाल प्रस्थान गरेको छ । नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ र महासचिव लामा टेन्डी शेर्पाले १४ खेलाडीसहित १८ सदस्यीय नेपाली टोलीलाई सातदोबाटोमा बिदाइ गरे ।

१४ खेलाडीमध्ये १२ खेलाडी सागका लागि छनोट भएका खेलाडी हुन् । पुरुषको ६० केजीमा इन्द्रबहादुर श्रेष्ठ, ६६ केजीमा रमेश मगर, ७३ केजीमा सञ्जित डंगोल, ८१ केजीमा पवनकुमार श्रेष्ठ, ९० केजीमा सञ्जय महर्जन र सय केजीमुनि शिवबहादुर बराम रहेका छन् ।

महिलाको ४८ केजीमुनि सरिता चौधरी, ५२ केजीमुनि लीला अधिकारी, ५७ केजीमुनि मनिता श्रेष्ठ प्रधान, ६३ केजीमुनि फुपु ल्हामु खत्री, ७० केजीमुनि गंगा चौधरी तथा ७८ केजीमुनि पुनम श्रेष्ठ छन् ।

## जुगल सेमिफाइनलमा

**काठमाडौं/रास–** जुगल प्रथम साइपाल कप अन्तरविद्यालय यू-१६ छात्र सिक्स ए साइड फुटबल प्रतियोगितामा बुधबार सेमिफाइनलमा प्रवेश गरेका छन् । जुगलले रिम्सलाई सडन डेथमा पराजित गर्‍यो ।

निर्धारित समयको खेल १-१ को बराबरीमा सकिएको थियो । अन्य खेलमा काभ्या 'ए', डेनेब एकेडेमी, माउन्ट कैलाश र पशुपति 'ए'ले जित हात पारे । काभ्या 'ए'ले हेरिटेजलाई ३-० गोलले हरायो । विजेताका सञ्जय कार्कीले २ तथा अनुकरण तामाङले १ गोल गरे । सागर कटवालको निर्णायक गोल मद्दतमा डेनेबले तारा सदनलाई १-० गोलले पाखा लगायो ।

माउन्ट कैलाशले पशुपति 'बी'लाई २-० गोलले पन्छायो । विजेताका मिङमार शेर्पाले २ गोल गरे । त्रिकोणविरुद्धको खेलमा पशुपति 'ए' ४-१ ले विजयी भयो ।

## डेनेब बास्केटबल आइतबारदेखि

**काठमाडौं/रास–** डेनेब एकेडेमीको आयोजनामा छैटौं डेनेब अन्तरविद्यालय बास्केटबल प्रतियोगिता आइतबारदेखि हुने भएको छ ।

प्रतियोगितामा सिनियर ब्वाइज र गर्ल्स तथा जुनियर ब्वाइजमा गरी जम्मा ३८ टिमको सहभागिता रहने डेनेबका खेलकुद संयोजक विकास बोटेले जनाएका छन् ।

सिनियर ब्वाइजमा १६, सिनियर गर्ल्समा १० तथा जुनियर ब्वाइजमा १२ टिमले प्रतिस्पर्धा गर्नेछन् ।

## भारतीय यू-१९ कप्तान पक्राउ

**दिल्ली/एजेन्सी–** बिहारको पटनाबाट भारतीय यू-१९ कप्तान ईशान किसनलाई गलत तरिकाले ड्राइभिङ गरेको आरोपमा मंगलबार पक्राउ गरिएको छ ।

उनलाई दोस्रो गाडीमा क्षति पुर्‍याएको तथा कुटपिटमा संलग्न भएको आरोपमा पक्राउ गरिएको हो । केही समयपछि सुरु हुन लागेको यू-१९ विश्वकपका लागि उनी भारतीय कप्तान चुनिएका थिए ।

केही दिनअघि मात्र भारतीय यू-१९ टिमको कप्तान बनेका ईशान किसनलाई पटना पुलिसले मंगलबार राति गिरफ्तार गरेको हो । ईशान आफ्ना बुबासँग गाडी लिएर सडकमा निस्किएका थिए ।

# रोकियो युनाइटेड



**लन्डन/एजेन्सी–** दुई गोलको अग्रता जोगाउन नसक्दा इंग्लिस प्रिमियर लिगमा म्यानचेस्टर युनाइटेड न्युक्यासल युनाइटेडसँग ३-३ गोलको बराबरीमा रोकिएको छ । रेलिगेसन जोनबाट माथि उठ्न संघर्षरत न्युक्यासलका लागि पउल डुमेट्सले ९०औं मिनेटमा बराबरी गोल फर्काउँदै महत्त्वपूर्ण एक अंक हात पारे ।

युनाइटेडका वाइन रुनीले पहिलो हाफको नवौं मिनेटमै पेनाल्टीमार्फत गोल गरेका थिए । युनाइटेडको अग्रता दोब्बर पार्ने क्रममा लिंगार्डले ३८औं मिनेटमा गोल गर्दै टिमलाई २-० को अवस्थामा पुर्‍याए ।

दुई गोलको अग्रता कायम गरेको युनाइटेडविरुद्ध विनजनाल्डुमले ४२ मिनेटमा पहिलो गोल फर्काउँदै पहिलो हाफमा न्युक्यासललाई २-१ अवस्थामा ल्याए । दोस्रो हाफमा आक्रामक बनेको युनाइटेडलाई रोक्दै मिट्रोभिकले ६७औं मिनेटमा पेनाल्टीमार्फत खेललाई बराबरीमा ल्याए । यद्यपि रुनीले पुनः ७९औं मिनेटमा गोल गर्दै टिमलाई ३-२ को अवस्थामा पुर्‍याए ।

व्यक्तिगत दोस्रो गोल गर्दै युनाइटेडलाई जितको आधार खडा गरे पनि अन्तिम मिनेटमा सम्हालिन नसक्दा महत्त्वपूर्ण ३ अंकबाट युनाइटेड वञ्चित भयो । न्युक्यासलका डुमेटले ९०औं मिनेटमा बराबरी गोल फर्काएका थिए ।

निकै महत्त्वपूर्ण मानिएको खेलमा युनाइटेड बराबरीमा रोकिएपछि लिगको छैटौं स्थानमा धकेलिएको छ । न्युक्यासललाई हराउँदै चौथो स्थानमा पुग्ने महत्त्वपूर्ण मौका गुमाएसँगै भान गालले टिमका खेलाडीप्रति आक्रोश पोखे । डच प्रशिक्षक गालले भने, 'हामीले धेरै राम्रा मौका पाएका थियौं तर अब भन्न के नै रह्यो र निकै गोलका मौका खेर फाल्नु हाम्रा लागि घातक बन्यो ।'

'जित्नैपर्ने खेलमा बेहोरेको हारको हामीले ठुलो मूल्य चुकाउनु पर्नेछ,' उनले थपे ।

## दोस्रो खेलमा पनि नेपाल पराजित

**काठमाडौं/रास–** नेपालको यू-१९ क्रिकेट टिमलाई दोस्रो अभ्यास खेलमा अफगानिस्तानको यू-१९ टिमले बुधबार पराजित गरेको छ । दिल्लीको मोरी गेटमा भएको खेलमा नेपाललाई अफगानिस्तानले ४१ रनले पराजित गरेको हो । टस जितेर ब्याटिङ गरेको अफगानिस्तानले ४९ ओभर ५ बलमा अलआउट हुँदै २ सय १२ रन जोड्यो ।

२ सय १३ रनको विजयी लक्ष्यका साथ ब्याटिङमा उत्रिएको नेपाली टोली ४१ ओभर ३ बलमा अलआउट हुँदै १ सय ७१ रनमा समेटियो । नेपालका लागि सुनिल धमलाले सर्वाधिक ४५ रन जोडे । उनले ५९ बलमा ६ चौका र १ छक्का प्रहार गरे । अर्का ओपनर सन्दिप सुनारले १७ रन जोडे । उनले २० बलमा चार चौका प्रहार गरे ।

आफिर सेखले २८ रनको योगदान दिए भने दिपेन्द्र सिंह ऐरीले २३ रन जोडे । कुशल भुर्तेलले १० रन जोडे । योगेन्द्रसिंह कार्कीले १५ रन जोडे भने राजु सिजालले १६ रन जोडे । नेपाललाई सस्तैमा समेट्ने क्रममा अफगानिस्तानका रहमान अब्बरले सर्वाधिक ३ विकेट लिए । यसअघि अफगानिस्तानका लागि समसुल रहमानले सर्वाधिक ७५ रन जोडे ।

# ट्रायथलनको ट्यालेन्ट स्कुल

**काठमाडौं/रास–** नेपाल ट्रायथलन संघले स्कुल र होस्टल निर्माण गरी ट्यालेन्ट स्कुल सञ्चालन गर्ने भएको छ ।



भक्तपुर, दुवाकोट-७, सरस्वती खेलस्थित श्रीविनायक सरस्वती निमावि र वडा नं. १ स्थित श्रीगणेश प्रावि एकीकरण भएपछि त्यस स्कुलको भौतिक पूर्वाधारलाई अत्याधुनिक रूपमा विकास गर्दै ट्यालेन्ट हन्ट गरिएका खेलाडीका लागि ट्यालेन्ट स्कुलका रूपमा सञ्चालन गर्न बुधबार संघले सम्झौता गरेको छ । ट्यालेन्ट हन्ट गरी खोजिएका खेलाडीका लागि छात्रावासको व्यवस्था हुनेछ ।

त्यसैगरी, अन्तर्राष्ट्रिय ट्रायथलन युनियनले भक्तपुरका दुई स्कुललाई आर्थिक सहयोग प्रदान गरेको छ ।

गत १२ वैशाखमा गएको विनाशकारी भूकम्पका कारण क्षति हुन पुगेको भक्तपुर, दुवाकोट-७, सरस्वती खेलस्थित श्रीविनायक सरस्वती निमावि र वडा नं. १ स्थित श्रीगणेश प्राविलाई भवन पुनर्निमाण गर्नका लागि युनियनकी अध्यक्ष एवं अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीकी सदस्य मारिसोल कासाडोले पहिलो चरणका लागि संकलित १० हजार ५ सय डलर स्कुलका सञ्चालकलाई प्रदान गरिन् ।

२५ रोपनी क्षेत्रफलमा रहेका यी दुई स्कुल मर्जर भई एकै स्कुलको रूपमा सञ्चालन हुने प्रक्रियामा रहेको छ । काठमाडौंको बुढानिलकण्ठस्थित विपशनामा १० दिन ध्यान शिविरमा बिताएकी कासाडो मंगलबारै आफ्नो देश स्पेन प्रस्थान गर्ने कार्यक्रम रहेको छ ।

यस्तै, बुधबारै नेपाल ट्रायथलन संघ र स्कुलबिच ट्रायथलन खेलको विकासका लागि सम्झौता (एमओयू) भएको छ । सम्झौता पत्रमा गणेश प्राविका अध्यक्ष केदारप्रसाद प्रधान, विनायक स्कुलबाट अध्यक्ष नरबहादुर थापा, सो दुवै स्कुलका संयोजक रामप्रसाद न्यौपाने र नेपाल ट्रायथलन संघका तर्फबाट अध्यक्ष गणेशमान पुनले हस्ताक्षर गरेका छन् ।

हस्ताक्षर कार्यक्रममा अन्तर्राष्ट्रिय ट्रायथलन युनियनकी अध्यक्ष तथा अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीकी सदस्य मारिसोल कासाडो, नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ, नेपाल ट्रायथलन संघका महासचिव निलेन्द्रराज श्रेष्ठलगायतको उपस्थिति थियो ।

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**जिल्ला विकास समितिको कार्यालय**
सिन्धुली

**सिलवन्दी वोलपत्र आह्वान सम्वन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७२।०९।३०

निम्न अनुसारका कार्य शिलवन्दी वोलपत्रको माध्यमवाट गर्नु पर्ने भएको हुँदा निम्न परिधि भित्र रही सिलवन्दी वोलपत्र आह्वान गरिएको छ ।

| प्याकेज | ठेक्काको विवरण | लागत अनुमान (मू.अ.कर बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|
| १ | भद्रकाली, तिनकन्या, भिमेश्वर, मझुवा र पुरानो झांगाझोली गा.वि.स. को अस्थायी भवन निर्माण कार्य | ३३,९७,००५/१५ | १००,०००/०० | १०००/०० |
| २ | रानीचुरी, भिमस्थान, बालाजोर र लाम्पानटार गा.वि.स.को अस्थायी भवन निर्माण कार्य | २७,१७,६०४/१२ | ८१,०००/०० | १०००/०० |
| ३ | वित्तिजोर, खाङसाङ, खोलागाउ र पोखरी गा.वि.स. को अस्थायी भवन निर्माण कार्य | २७,१७,६०४/१२ | ८१,०००/०० | १०००/०० |
| ४ | डांडीगुराँसे, कल्पवृक्ष, तामाजोर, शान्तेश्वरी, हरिहरपुरगढी र क्यानेश्वर गा.वि.स.को अस्थायी भवन निर्माण कार्य | ४०,७६,४०६/१८ | १,२०,०००/०० | १०००/०० |
| ५ | हत्पते, सिर्थौली र अरुणठाकुर गा.वि.स. को अस्थायी भवन निर्माण कार्य | २०,३८,२०३/०९ | ६१०००/०० | १०००/०० |

**शर्तहरु :-**

(क) कार्यालयबाट तयार गरि प्रमाणित भएको बोलपत्र फारम इच्छुक फर्म/ठेकेदारहरुले फर्म दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी र आ.व. २०७१/७२ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि निवेदन साथ संलग्न गरी बोलपत्र बापतको दस्तुर रकम नगदै तिरी यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयको योजना शाखाबाट खरिद गर्न सकिनेछ ।
(ख) प्रत्येक प्याकेजको बोलपत्र छुट्टाछुट्टै खरिद गरि बोलपत्रमा उल्लेखित निर्देशन अनुसार आफुले कबोल गर्ने दर अंक र अक्षरमा प्रष्ट उल्लेख गरी प्रत्येक प्याकेजको छुट्टा छुट्टै सिलवन्दी गरी ३१ सौं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्ने छ । यसरी पेश हुन आएको रित पूर्वकको बोलपत्र सोहि दिन दिनको १:३० बजे विभिन्न कार्यालयका प्रतिनिधी तथा बोलपत्र दाताको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
(ग) बोलपत्र खरिद गर्ने र पेश गर्ने अन्तिम दिन विदा पर्न गएमा सो सम्बन्धी कार्य लगतै कार्यालय खुलेको दिनमा गरिने छ ।
(घ) बोलपत्र फारम साथ फर्म दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बरको प्रमाण-पत्र, आ.ब. २०७१/७२ को कर चुक्ता प्रमाण-पत्र र मू.अ.करदर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।
(ङ) बोलपत्र साथ धरौटी बापत हुने उल्लेखित रकम यस कार्यालयको नाममा रा.बा.बैंक सिन्धुली शाखामा रहेको धरौटी खाता नं. ग ३-(२) खातामा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबर कम्तीमा १२० दिन मान्य अवधि भएको मान्यता प्राप्त वाणिज्य बैंकहरु बाट यस कार्यालयको नाममा जारि भएको बैंक जमानत पत्र संलग्न हुनु पर्ने छ ।
(च) बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
(छ) यस सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ । विस्तृत विवरण बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

Government of Nepal
Ministry of Finance
Financial Comptroller General Office
District Treasury Controller Office
Mahotari

**INVITATION FOR BID**
Bid Notice No 01-2072/73
Date of Publication: 2072/09/30 (January-14,2016)

1. Government of Nepal, Ministry of Finance, Financial Comptroller General Office, District Treasury Controller Office, Mahotari invites sealed bid from duly registered eligible and qualified Bidders for Purchase Works given in the table below.
2. Interested eligible bidders may obtain further information and inspect the Bidding Documents at District Treasury Controller Office, Mahotari during office hour.
3. A complete set of Bidding documents may be purchased by the interested eligible Bidders from the office on submission of a written application to the office mentioned above, attached with duly attested copies of Bidder's registration, VAT registration, Tax clearance certificate all valid for the Fiscal Year 2071/72.
4. The purchased Bidding document shall be duly filled up and sealed in an envelope addressing to the office mentioned above indicating contract number, description of works, name of the Bidder's firm or JV and its address and the bid must be submitted at District Treasury Controller Office, Mahotari no later than 12:00 hours of 02-11-2072 (14-02-2016). The Bids will be opened physically at the same place and on the same day at 13:00 hour in the presence of the bidders' representatives, who choose to attend in person. Absence of any or the Bidders' entire representatives shall not hinder the opening of the Bids.
5. The bid must be accompanied by Original Voucher of Bid Security amount as stated in table below for each contract deposited at Rastriya Banijya Bank Jaleshwor Mahbottari, in Deposit Account no.1270203000000-of District Treasury Controller Office (Ko.Le.Ni.Ka.), Mahotari or Bid Security Guarantee issued by any commercial bank approved by the Government of Nepal. Bids and Bid security shall be valid for the periods as mentioned in the table below from the deadline for Bid submission
6. The Bidders are invited to participate in the pre-bid meeting to be held at District Treasury Controller Office, Mahotari on 20-10-2072 (03-02-2016), at 12:30 hour. If the date happens to be a public holiday, then this event will take place at the same time on the next working day.
7. If the last date of purchasing of Bidding document falls on public holiday, the bidding document can be purchased on the following working day and submitted on the subsequent working day at the same time and place stated above. Similarly if the last day of bid submission falls on public holiday, the bids shall be submitted up to 12:00 hours of the next working day. In such cases the bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. Bidders are advised to visit the site and assess the actual site before submitting the bids at their own cost.
9. The Bidders shall quote the item rates in the Bill of Quantities exclusive of VAT and VAT shall be added separately in the total amount. All other taxes and levies which may be applicable shall be included in the quoted rates. In case the rates quoted in figures and words differ, the rates quoted in words shall govern.
10. Bidders can bid as a single contractor or in the form of a Joint Venture of maximum of three contracting firms.
11. Contract will be awarded based on post qualification process satisfying the qualification requirement as given in bidding data in the bidding documents.
12. All the rights as to whether to accept or reject, wholly or partly any or all the bids or cancel the bidding process without assigning any reason, whatsoever are reserved to District Treasury Controller Office, Mahotari.
13. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063, public procurement regulations, 2064 and other prevailing rules and regulations of Nepal.

| SN | Contract Number | Description of Purchase Works | Average Annual Turnover | Bid Document Fee (NRs) | Estimated Amount inclusive of VAT, NRs) | Bid Validity Period | Bid Security Amount & Validity Period, NRs |
|---|---|---|---|---|---|---|---|
| 1 | 01-2072/73 | Installation, setup and configuration of Power backup system (Solar system). | As per bid Documents | 1000.00 | 15,60,000.00 | 90 Days from last date of bid submission | 45000.00 & 120 days from the date of bid opening |

Chief Treasury comptroller

राजधानी न्युज पब्लिकेसन प्रालिद्वारा प्रकाशित तथा मुद्रित, राजधानी भवन, कुपण्डोल, पो.ब.नं. २०५०३ काठमाडौं, फोन : ५५४६३००/५५४१०३०/४०, फ्याक्स : ९७७-१-५०११५९४, प्रमुख कार्यकारी अधिकृत : **आशिष शेरचन**, सम्पादक : **राजन शर्मा**